प्राचीन नेपाल

पुरातत्व विभागको द्वैमासिक मुखपत्र

ANCIENT NEPAL

Journal of the Department of Archaeology

संख्या ५३-५६
भदौ-चैत्र २०३६

Number-53-56
August 1979-March 1980

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग
काठमाडौं, नेपाल

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्ति स्थान:-
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:-
Sajha Prakashan
Pulchok, Lalitpur

मूल्य रू. १० ।-

Price Rs, 10|-

Printed at Matribhoomi Press, Ghantaghar

प्राचीन नेपाल

संख्या ५३-५६

भदौ – चैत्र २०३६

Ancient Nepal

Number 53-56

August 1979–March 1980

सम्पादक

रमेशजङ्ग थापा

Editor

Ramesh Jung Thapa

Prachin Nepal
Downloaded by - Ravi Shakya
No. 53 - 56, Aug. 1979 - March 1980, Bhadra - Chaitra 2036

विषय-सूची

Contents

पृष्ठ

लिच्छविकालीन दक्षिण राजकुल
— शङ्करमान राजवंशी १

मध्यकालीन अभिलेख
— हरिराम जोशी ४

ऐतिहासिक पत्रस्तम्भ ४७

English Section **Page**

NEPAL
– by Sylvain Levi *1*

लिच्छविकालीन दक्षिण राजकुल

-शङ्करमान राजवंशी

दक्षिण राजकुलको उल्लेख सर्वप्रमथ चाँगुस्थित शिवदेव अंशुवर्माको अभिलेखमा भएको छ । त्यसपछि काठमाडौं जैसीदेवल र ज्यावहालको बीच सडकनिर रहेको लिच्छविसंवत् ५३५ (वि. सं. ६४८) श्रावणको शिवदेवको सनद सवालको अभिलेखमा दक्षिण राजकुलको उल्लेख भएको छ । त्यसपछि ज्ञानेश्वरको नारायण मन्दिरमा रहेको द्वितीय जयदेवको अभिलेखमा पनि दक्षिण राजकुलको उल्लेख भएको छ । जैसीदेवलको उक्त अभिलेखमा शिवदेवले आफना कर्मचारीहरूलाई जगा खानगी दिएको कुरा छ । सो जगाको चार किल्ला दिदा उक्त जगाको पूर्वोत्तर कुनाको सीमानामा दक्षिण राजकुल रहेको हुँदा सो दक्षिण राजकुल जैसीदेवल भेग तिर थियो भन्ने निष्कर्ष श्री गौतमवज्र वज्राचार्यले नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित हनूमान्ढोका राजदरवार नामक पुस्तकमा दिनुभएको छ । जुन दक्षिण राजकुलको एरिया हनूमान्ढोकासम्म पुगेको थियो भन्ने कुरा हनूमान्ढोका देगुतले मन्दिर मुनि पाइएको लिच्छविकालीन एक खण्डित अभिलेखद्वारा (हाल सो अभिलेख हनूमान्ढोका दरवार संग्रहालयमा रहेको छ) प्रमाणित गर्नुभएको छ । जुन अभिलेखमा "चिरन्तनं लिच्छविराजकारितं पुरातनैर्व्वृत्तिभटैरूपेक्षितं" भनी उल्लेख भएबाट लिच्छवि राजाले बनाएको प्राचीन दरवार भन्ने भाव व्यक्त भएको हुँदा दक्षिण राजकुललाई पुष्टि भएको स्पष्ट छ । स्थान विशेषले विचार गर्दा प्राचीन कालमा राजाको दरवार अग्लो ठाउँमा बन्ने चलन अनुसार पूर्व दक्षिण पश्चिम तिरबाट यो राजकुल अग्लो ठाउँमा रहेको यद्यपि स्पष्ट छ । यसबाट पनि दक्षिण राजकुल जैसीदेवल भेगमा रहेको कुरालाई पुष्टि गर्दछ । नेवारी लवजमा राजकुलको विकृति रूप लायकू भनेको छ । लायकूले राजदरवारको क्याम्पको एरियालाई बुझाउँछ । त्यसैले लायकू हनूमान्ढोका, लायकू वसन्तपुर भनी अद्यापि नेवारी लवजमा बोलिन्छ । यस कुराले पनि लिच्छविकालीन दक्षिण राजकुलको एरिया जैसीदेवलदेखि हनूमान्ढोकासम्म पुगेको थियो भन्ने पुष्टि हुन्छ ।

उक्त हनूमान्ढोका देगुतले मुनिको लिच्छविकालीन अभिलेख अंशुवर्माको हो भन्ने कुरा श्री धनवज्र तथा श्री गौतमवज्र दुबैको एकमत छ । जुन अभिलेख श्री धनवज्रले नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित लिच्छविकालका अभिलेख नामक पुस्तकको ३७४ पृष्ठमा सर्वप्रथम प्रकाशित गर्नुभएको थियो । त्यो अभिलेखमा अक्षर फुटि सकेको हुँदा साल, मिति तथा अंशुवर्माको नाम नभए तापनि लिपिद्वारा अंशुवर्माको हो भनी अनुमान गर्नुभएको छ ।

लिच्छवि राजाले बनाएको उक्त प्राचीन दरवार मानगृह त अवश्य होइन भनी श्री धनवज्रले आफनो लिच्छविकालका अभिलेख ३७५ पृष्ठमा उल्लेख गर्नुभएको छ । तर श्री गौतमवज्रले चाहिं दक्षिण राजकुल भित्रै कैलासकूट भवन तथा मानगृह थिए भन्ने कुरा उक्त हनूमान्ढोका राजदरवार नामक पुस्तकको १२ पृष्ठमा सूचित गर्नुभएको छ । जुन कुराको प्रमाण मानगृह र कैलासकूटभवन नामक निबन्धमा पछि प्रस्तुत गर्नेछु भनी बताउनुभएको छ । तर आजसम्म थाहा भए अनुसार कैलासकूटभवन हाडिगाउँमा थियो भन्ने देखिएको छ । त्यो कुरा श्री धनवज्रले पनि आफना लिच्छ-

विकालका अभिलेख नामक पुस्तकको २६४-६५ पृष्ठमा उल्लेख गर्नुभएको छ । लिच्छवि राजाले बनाएको दरबार हनूमान्ढोका भेगमा थियो भन्ने कुरा त हनूमान्ढोका देगुतले मुनिरहेको अभिलेखले स्पष्ट भएको छ । तर त्यो दरबार मानगृह थियो कि अरू नै थियो भन्ने कुरा श्री गौतम वज्रसंग रहेको प्रमाण प्रकाशित भएपछि त्यसको तथ्यता बारे विचार हुनेछ ।

अब लिच्छविको राजकुललाई दक्षिण राजकुल भनी किन उल्लेख भयो भन्ने बारे विचार गर्दा चाँगु-स्थित शिवदेव अंशुवर्माका अभिलेखमा दुई थरी राजकुल-को उल्लेख भएको पाइएको छ । त्यसलाई एक थरी इतिहासकारले मुएड्री राजकुल र दक्षिण राजकुल पाठ पढेका छन् । श्री धनवज्रले स्वयं अभिलेख पढी पाठ भिडाई पुण्डिराजकुल र दक्षिण राज-कुल भनी आफ्नो लिच्छविकालका अभिलेख नामक पुस्तकको २३३ पृष्ठमा पाठ दिनु भएको छ । पुण्डिराज-कुलदेखि भिन्न लिच्छविको राजकुल दक्षिणतिर हुनाले दक्षिण राजकुल भनी उल्लेख भएको हो भन्ने एक थरीको भनाइ छ ।

श्री धनवज्र तथा श्री गौतमवज्रको विचार अनुसार लिच्छविकालमा कोलीग्रामको विस्तार जैसीदेवलदेखि मछिन्द्रबहालसम्म थियो, मछिन्द्रबहालदेखि दक्षिण पट्टि जैसी-देवल भेगको कोलीग्राम दक्षिण कोलीग्राम भनी उल्लेख भएको छ । त्यही दक्षिण कोलीग्रामसंग सम्बन्धित राजकुल हुनाले दक्षिण राजकुल भनी उल्लेख भएको हो भन्ने कुरा उहाँले बताउनु भएको छ (लिच्छविकालका अभिलेख ३७५ पृष्ठ तथा हनूमान्ढोका राजदरबार ६ पृष्ठ) ।

दक्षिण शब्दले केवल दिशालाई मात्र कहन्छ भन्ने छैन । किनभने दक्ष शब्दबाट दक्षिण बनेको हुनाले दक्षिण शब्दले दक्षतालाई पनि बुझाउँछ । यस कुराको प्रमाणका लागि मानदेवकी रानी क्षेमसुन्दरीले राखेको लाजिम्पाट-को अभिलेखलाई प्रस्तुत गर्न सकिन्छ । त्यस अभिलेखमा रानी क्षेमसुन्दरीले राजा मानदेवलाई वर्णन गर्दा 'दाक्षि-ण्येन च दक्षिणानरमयत्' सिपालुहरूलाई मन अनुसार चलाले अर्थात् दक्षताले खुशी पार्नु भयो भनी उल्लेख गरिएको छ । यहाँ दक्षिण शब्दले दक्षता अर्थात् सिपालु भन्ने अर्थलाई बुझाएको स्पष्ट छ । त्यसकारण दक्षिणराज-कुल भन्नाले दक्षता भएको राजकुल भनी अर्थ गर्न सकिन्छ । दक्षता भएको राजकुल हुनाले नै विभिन्न मुद्दामामिला सम्बन्धी काम दक्षिण राजकुलको पूर्वाधिकरणबाट हुन्छ भनी ज्ञानेश्वरको द्वितीय जयदेवको अभिलेखमा उल्लेख भएबाट ज्ञात हुन्छ । पाञ्चालीले मुद्दा छिन्न नसके दौवारिकमा मुद्दा दर्ता गरी राजामा जाहेर गर्नु भनी नक्साल नारायण चौरमा रहेको अभिलेखमा उल्लेख भएबाट दक्षिण राज-कुलको दक्षतालाई प्रमाणित गर्दछ । दिशाको अर्थमा दक्षिण राजकुल भएको हुँदो होता दक्षिणेतर दिशाको राज-कुलको पनि उल्लेख हुनुपर्ने । तर दक्षिणेतर दिशाको राज-कुलको उल्लेख कतै पाइएको छैन । त्यसकारण दक्षिण राजकुल भनेर दक्षता भएको राजकुल भनी अर्थ गर्नु उपयुक्त देखिन्छ ।

दक्षिण कोलीग्रामको बारे विचार गर्दा त्यसको उल्लेख सर्वप्रथम ललितपुर खपिछेको लिच्छविसंवत् ४५२ (वि सं. ५६५) को वसन्तदेवको अभिलेखमा भएको छ । यस पछि कतिपय अभिलेखमा दक्षिण कोलीग्रामको उल्लेख पाइन्छ । स्थानीय अभिलेखहरूको आधारमा दक्षिण कोली-ग्राम काठमाडौं यङ्गाल भेगतिर थियो भन्ने थाहा भएको छ । यो दक्षिण कोलीग्रामले भीमार्जुनदेव जिष्णुगुप्तको पालामा द्रङ्गको रूप लिएको कुरा काठमाडौं यङ्गाल-हिटीको अंशुवर्मसंवत् ६४ (वि. सं. ६७३) को अभिलेखमा 'दक्षिण कोलीग्रामस्य पूर्वनेव द्रङ्ग चतुर्भागत्वेन प्रविभक्तस्य' भनी उल्लेख भएबाट ज्ञात हुन्छ । यसबाट के बुझिन्छ भने यङ्गाल स्थित दक्षिण कोलीग्राम पहिले सानो रूपमा थियो, पछि गएर मात्र दक्षिण कोलीग्रामले द्रङ्गको रूप लिएको भन्ने स्पष्ट हुन्छ । लिच्छविकालमा द्रङ्गशब्दले शहरलाई कहन्थ्यो भन्ने कुरा वाचस्पत्यमा द्रङ्गपुरी भेदे भनी उल्लेख भएबाट थाहा हुन्छ (लिच्छविकालका अभिलेख २१८ पृष्ठ) । कोलीग्राम शहरको विस्तार मल्लकालमा गएर इटुंबहाल सम्म पुगेको कुराको प्रमाण श्री गौतमवज्रले हनूमान् ढोका राजदरबार नामक पुस्तकको ४ पृष्ठमा इटुंबहालमा प्रदर्शित गरिने हस्तलिखित ग्रन्थको पुष्पिका निम्न लिखित अनुसार प्रस्तुत गर्नु भएको छ । जस्तै—"सम्वत् ४७८ भाद्रव शुद्धि १० लक्षा भगवती संपूर्ण दिवस.....महायान

यायिनः परम धार्मिकः परम सर्वज्ञ शासनिक श्री कोलि-ग्रामीय श्रीभास्कर देव संस्कारित इति श्री केशव चन्द्र कृत महाविहाराधिवासिन शाक्यभिक्षु बुद्धाचार्य श्री राजब्रह्म श्री नाम''

यस अनुसार लिच्छविकालीन अभिलेखमा उल्लिखित दक्षिण कोलीग्राम दिशावाचक भन्ने अर्थ श्री गौतमवज्रले पनि गर्नु भएको छ । कारण यङ्गालको कोलीग्राम इटुं-बहालको कोलीग्रामको दक्षिण पर्दछ । इटुंबहालको कोली-ग्राम लिच्छविकालमा पनि हुनुपर्छ भन्ने श्री गौतमवज्रको अनुमान छ । तर लिच्छविकालीन अभिलेखमा केवल कोली-ग्रामको उल्लेख कतै भेट्टिएको छैन । यो कुरा गौतमवज्रले पनि मान्नुभएको छ । यङ्गालको कोलीग्रामलाई दक्षिण कोलीग्राम भने जस्तै इटुंबहालको कोलीग्रामलाई उत्तर कोलीग्राम भन्नु पर्ने हो सो भनिएको छैन ।

त्यस कारण दक्षिण कोलीग्राम दिशावाचकमा प्रयोग भएको भन्ने कुरा मिल्दो देखिदैन । दक्षिण राजकुल संग सम्बन्धित कोलीग्राम हुनाले दक्षिण कोलीग्राम भएको भनी अर्थ गर्नु मिल्दो देखिन्छ । किनभने दक्षिण राजकुलको प्रसिद्धिले दक्षिण कोलीग्राम हुन सक्छ दक्षिण कोलीग्रामको प्रसिद्धिले दक्षिण राजकुल भएको भनी अर्थ गर्नु उपयुक्त ठहर्दैन ।

मध्यकालीन अभिलेख

–हरिराम जोशी

नेपालको इतिहासमा उत्तर प्राचीनकालको अन्त औ मध्यकालको प्रारम्भिक समय अर्थात् पूर्व मध्यकाललाई अन्धकार युगको संज्ञा दिइन्छ। तर, १९ औं शताब्दी ई. को अन्त समयदेखि तत्कालीन नेपाल इतिहासलाई दर्शाउने अनेकौं इतिहासका सामग्रीहरू तथा अभिलेख, पुष्पिका, बंशावली आदिहरू विभिन्न विद्वान्हरूद्वारा समय-समयमा प्रकाशमा ल्याएका छन्। ती प्रकाशित सामग्रीहरू विभिन्न पत्रपत्रिका तथा पुस्तकहरूमा छरिएर रहेको हुँदा ती सबै सामग्रीहरूको अध्ययन गर्न पनि गाह्रो भएको छ। यसर्थ उपर्युक्त इतिहासका सामग्रीहरू मध्येका अहिलेसम्म प्रकाशित तथा अप्रकाशित अभिलेखहरू सबै एकै ठाउँमा संकलन गरी तिनीहरू प्रत्येकको भिन्ना-भिन्नै कैटलाँपिङ्गको साथै भिन्ना-भिन्नै मन्तव्यहरू समेत राखी प्रकाशित गराउनु नेपाल इतिहासको ठीक-ठीक अध्ययन, अनुसन्धानको लागि सबभन्दा ठूलो आवश्यकता भएको महसूस गरी प्रस्तुत ग्रन्थको संरचना अहिले गरिएको छ।

पूर्व प्राचीनकालदेखि नै नेपाल राष्ट्रको अस्तित्त्व देखिए तापनि पुरातात्त्विक आधारमा चारौं शताब्दी ई. देखि नेपाल एक राष्ट्रको रूपमा अवस्थित रहेको यथार्थतालाई देशी एवं विदेशी दुबै सामग्रीहरूले पुष्टि गरेका छन्। उत्तर प्राचीन कालमा नेपालीहरूमा राष्ट्रिय भावनाको ज्यादै विकास भएको थियो। संवत् ४३४ को टिस्टुङ्गको अभिलेखमा स्वस्ति नेपालेभ्यः भनी उत्कीर्ण गरी तत्कालीन नेपालीहरूको राष्ट्रिय भावनालाई प्रदर्शित गरिएको थियो। नेपालीहरूमा निहित उपर्युक्त राष्ट्रिय भावना प्रस्तुत समय पनि विद्यमान नै रहेको थियो। ने. सं. ५५८ को ललितपुर मूछें आगमको गणेश मूर्तिको पादपीठ लेखमा नेपालवासीहरूमा नेपालित्वको भावना जागृत गराउने ॐ स्वस्ति श्री भन्ने पालिक श्रेयोऽस्तु भनी उत्कीर्ण गरेर मध्यकालीन नेपालको राष्ट्रियतालाई दर्शाएको स्पष्ट छ।

प्राचीनकालदेखि नै नेपालमा राजतन्त्रात्मक व्यवस्था रहेर प्रस्तुत समय पनि नेपालमा सोही व्यवस्था कायम थियो। तत्समय नेपालका राजाहरू परमेश्वरका अवतारको रूपमा सम्झिन्थे। तत्कालीन राजाहरूका प्रशस्तिमा दैत्यनारायण, लक्ष्मीनारायणावतार आदि उपाधिहरू प्रयोग गरिएको पाइएबाट उक्त कुरोको पुष्टि हुन्छ। राजाहरूको देहावसान पछि तिनका जेठा छोरा राज्यासनमा अवस्थित हुने परम्परा तत्समय प्रचलित थियो। तर, सुदूर पश्चिमका सिंजाली राजाहरूमा जेष्ठताको आधारमा राजाका भाइ, छोरा, भतिजा वा अन्य कोही पनि राज्यासनमा अवस्थित हुने परम्परा थियो, जसलाई यहाँ अपवादको रूपमा लिन सकिन्छ।

नेपालको इतिहासमा द्वैध एवं त्रैध शासनको परम्परा यस समय सर्वप्रथम प्रादुर्भाव भएको थियो। ने. सं. १३२ को ल.पु. त्यागल गंचाननीको अभिलेखले तत्समय द्वैध शासनको अस्तित्व भएको कुरालाई दर्शाएको छ भने ने. सं. १३५ को अष्ट साहस्रिका प्रज्ञापारमिता ग्रन्थको पुष्पिकाको अध्ययनमा त्रैध शासन यहाँ स्थापित भएको कुरालाई पुष्टि गरेको छ। तर, त्यस समय द्वैध, त्रैध शासन यहाँ कायम

भए तापनि तिनीहरू मध्ये एकजना चाहिं मुख्य प्रशासक भई कार्य गर्दथे, जब कि अरूहरू खालि नाम मात्रका थिए। यस कुरोको साक्ष्य स्वरूप ने.सं. १२८ को अष्ट साहस्रिका प्रज्ञापारमिता ग्रन्थको पुष्पिकालाई लिन सकिन्छ।

उत्तर प्राचीनकालको अनुरूप यस कालमा पनि राजालाई शासन कार्यमा सघाऊ पुऱ्याउनको लागि प्रधान मन्त्री भनौं या महामन्त्राधिराजको नेतृत्वमा मन्त्रिपरिषद्-को गठन गरिने चलन थियो। सो मन्त्रिपरिषद्मा पाँचजना मन्त्रीहरू रहने कुराको अनुमान हुन्छ। ने.सं. ४७९ को ल.पु. पिम्बहालको अभिलेखमा महामात्य श्री मेघपाल वर्मालाई प्रधानमन्त्रीको उपाधि दिइएको पाइनु औ ने.सं. ५०२ को काठमाडौं इटुम्बहालको अभिलेखमा जयसिंह-रामवर्द्धनलाई महामन्त्राधिराज भनी उल्लेख गरिएको पाइएबाट उक्त कुरोको पुष्टिको आधार भेट्टिन्छ। उपर्युक्त श्री मेघपालवर्मालाई प्रधानमन्त्रीको उपाधि प्रदान गरिएको पाइएबाट नेपालको इतिहासमा प्रधानमन्त्रीको पदधारण गर्ने पहिलो व्यक्ति हुने श्रेय यिनैले प्राप्त गरेको छ।

प्राचीनकालदेखि नै नेपालको राजतन्त्र दैविक सिद्धान्तमा आधारित हुँदा राजाहरू विष्णुका अवतारको रूपमा सम्झिएका थिए। यसबारे माथि वर्णन भइसकेको छ। देवताहरूका विभिन्न अंशहरू पनि तत् तत् देवताहरूकै रूपमा मानिए जस्तै मध्यकालमा राजाहरूको साथै रा-ज्ञ हरूलाई शासन कार्यमा सघाऊ पुऱ्याउने मन्त्रीहरू पनि विष्णुकै रूपमा सम्झिएका थिए। ने.सं. ५०२ को इटुम्ब-हालको अभिलेखमा महामन्त्राधिराज श्री जयसिंहराम-वर्द्धनको प्रशस्तिमा गोपिनारायणको उपाधि दिइएको पाइनु औ ने.सं. ५४७ को ल.पु. ईबहाबहिको ताम्रपत्रमा प्रधान महापात्रहरू तथा श्री राजसिंह मल्ल देववर्म्म, श्री उदयसिंह मल्ल वर्म्म, श्री जयधर्म्म सिंह मल्लवर्म्म, श्री रूद्रसिंहवर्म्म र श्री जयभीम मल्ल वर्म्महरूका नाममा दैत्यनारायण, चक्र-नारायण, अच्युतनारायण, असुरनारायण तथा वीरनारायण जस्ता उपाधिहरू प्रयोग गरिएकोलाई यहाँ उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ। यसरी राजाहरूको साथै मन्त्री-हरूलाई पनि विष्णुकै रूपमा मानिने परम्परा नेपालमा प्रच-लित हुँदै आएको दैविक सिद्धान्तको आफ्नै विशेषता भएको चाल पाइन्छ। राजाहरूको नामको अतिरिक्त मन्त्रीहरूको नाम-मा पनि देव शब्दको प्रयोग यहाँ खास अर्थयुक्त लाग्दछ।

मध्यकालमा नेपाल अधिराज्य विभिन्न ग्राम, पुर, विषय आदिमा विभक्त थिए। पुर तथा विषयको शासन महासामन्तहरूको अधिनमा थियो। प्रस्तुत समयका अभि-लेखहरूको अध्ययनमा उक्त कुरोको खुलासा हुन्छ। तत्समय राजाहरूको साथै थी सामन्तहरू पनि ज्यादै शक्तिशाली भएकोले तिनीहरू पनि राजाकै रूपमा मानिन्थे भन्ने कुरा राजाहरूको नामसंगै मात्र प्रयोग गरिने विजयराज्ये भन्ने शब्द महासामन्तहरूको नामसंग पनि प्रयोग गरिएको पाइए-बाट जानिन्छ। ने.सं. २४० को अष्ट साहस्रिका प्रज्ञा-पारमिता ग्रन्थको पुष्पिका यसको लागि साक्ष्य स्वरूप छ।

प्रस्तुत समयको समाज वर्णाश्रम व्यवस्थामा आधा-रित थियो। चतुर्वर्णको उल्लेख यस समयका अभिलेखहरूमा उत्कीर्ण गरिएको पाइनुको साथै विभिन्न वर्णका मानिसहरू-को अस्तित्व पनि रहेको देखिएबाट यहाँको समाज वर्ण व्यवस्थामा आधारित भएको कुराको पुष्टि हुन्छ। ने.सं. ५२७ को फर्पिं कोच्छु टोलको अभिलेखमा चतुर्वर्णका जनताको पनि कल्याण कामना गरिएको कुरा उल्लेख छ।

वर्ण व्यवस्थाको साथै आश्रम व्यवस्थाको पनि यहाँ प्रचलन रहेको थियो। चतुराश्रम मध्येको ब्रह्मचर्यको द्वार व्रतबन्ध संस्कारले खुलाउँछ। महाराजाधिराज श्री जयस्थिति मल्लका छोरा युवराज श्री धर्ममल्लको व्रतबन्ध र विवाहोत्सवहरूमा विभिन्न नाटकहरू प्रदर्शित गरिएको कुरा राघवानन्द तथा भैरवानन्द नाटक ग्रन्थहरूका पुष्पिका-हरूको अध्ययनमा स्पष्टतः जानिन्छ। ती पुष्पिकाहरूले ब्रह्म-चर्य तथा गृहस्थाश्रमको तत्समय यहाँ अस्तित्व रहेकोतिर स्पष्ट संकेत गरेका छन्। ने.सं. ५८५ को काष्ठमण्डपको ताम्रपत्रमा संन्यासी जोगीहरूको बारे उल्लेख पाइन्छ, जसले सन्यासाश्रमतिर इङ्गित गरेको लाग्दछ।

प्रस्तुत समय यहाँ विद्याको पनि ज्यादै प्रचार भएको थियो। देवस्थलहरू शिक्षाका केन्द्र भएका थिए। अनुमानित ११ औं शताब्दी ई. को गुईतः विहारको अभिलेखमा चारै दिशाका देवालयहरूमा विद्याभ्यासमा लागेका विद्वानहरूले वास गरेको ललितपुर नगर भनी वर्णन गरिएको पाइएबाट उक्त कुरोको अनुमान गर्न आधार भेट्टिएको छ। त्यस समय शिक्षा का मुख्य पाठ्य विषय वेद, वेदाङ्ग, धर्मशास्त्र, पुराण,

मीमांसा, तर्कहरू भएको जानिन्छ । ने.सं. ५०२ को काठमाडौं इटुम्बहालको अभिलेख तथा देवपाटन स्थित हरिहर मूर्तिको समीपस्थ रहेको अभिलेखमा उल्लिखित चतुर्दश विद्यालाई यहाँ उल्लेख गर्न सकिन्छ । उपर्युक्त १४ प्रकारका विद्याको प्रचारको साथै तान्त्रिक विद्याको समुन्नतिको लागि तन्त्रविद्या पढाउने विद्यालयहरूको पनि यहाँ स्थापना भएको कुरा ने०सं० ५३० को भक्तपुरको तौमढी टोलको अभिलेखबाट जानिन्छ । यी आधारहरू प्रस्तुत समयको उन्नत विद्याको स्थितिलाई बुझाउन सक्षम छन् ।

मध्यकालमा संस्कृत भाषाको अतिरिक्त नेपाल आदि अन्य लौकिक भाषाहरूको पनि प्रचार भएको थियो । ने०सं० १२५ को भक्तपुर तौमढी टोलको अभिलेखमा तत्कालीन नेपाल भाषाको स्वरूप देख्न सकिन्छ । त्यस्तै श्री शाके १२४३ को ताघबाई गुम्बाको ताम्रपत्रमा तत्समय सुदूर पश्चिम क्षेत्रमा प्रचलित नेपाली भाषाको अतिरिक्त भोटे भाषाको पनि स्वरूप देख्न सकिन्छ । उपर्युक्त आधारहरू तत्कालीन लौकिक भाषाहरूको समुन्नतिलाई प्रदर्शित गर्नमा सक्षम छन् ।

प्रस्तुत समय हिन्दू तथा बौद्ध दुबै धर्मको समान रूपले प्रचार भएको थियो । हिन्दू र बौद्ध दुबै धर्मसित सम्बन्धित अभिलेखहरूको प्राप्ति तथा मूर्तिहरूको निर्माण एवं प्रतिष्ठापन गरिएकोलाई यहाँ उदाहरणको रूपमा लिन सकिन्छ । यद्यपि उक्त दुबै धर्मको यहाँ व्यापक प्रचार रहे तापनि वैदिक अद्वैत भावनाको प्रचारको कारण तिनीहरूका बीच खास भेदभाव रहेको छैन । अनुमानित ११ औं शताब्दी ई. को बौद्ध धर्मसित सम्बन्धित स्वयम्भूको अभिलेखमा ब्रह्मज्ञानबारे उल्लेख गरिएको छ जसले उक्त कुरोको पुष्टिमा सघाऊ पुऱ्याएको छ । एकजना बौद्धमार्गी वज्राचार्यद्वारा प्रतिष्ठापित ने०सं० ५३५ को ल.पु. इखाछें टोलको अभिलेखमा श्री विघ्नान्तक भैरव, काली, उग्रचण्डी, विदग्धचण्डी, डाकिनी, यक्ष आदि हिन्दू देवदेवीहरू पनि प्रतिष्ठापन गरिएको कुरा वर्णित भएबाट तत्समय बौद्धहरूमा पनि हिन्दू देवदेवीहरूको प्रतिष्ठापन गर्ने चलन चलेको कुरा जानिनुको साथै तिनीहरू हिन्दू देवताहरूको पूजाआजा पनि गर्दथे भन्ने कुरा जानिन्छ । यसको अतिरिक्त उक्त अभिलेखमा वज्राचार्य श्री तुहूदेवलाई अष्टसिद्धि गुरु भनिएबाट हिन्दू धर्मका अणिमालघिमा आदि अष्टसिद्धिलाई बौद्धहरू पनि मान्दथे भन्ने कुराको जानकारी मिल्दछ । फेरि, ने०सं० ५६७ को ल.पु. मूवहालको बौद्धधर्मसित सम्बन्धित अभिलेखमा याज्ञिक कर्मकाण्डको बारे वर्णन पाइन्छ । यस उल्लेखले हिन्दूहरूको अनुरूप बौद्धहरूमा पनि याज्ञिक कर्मकाण्डको प्रचार रहेकोतिर स्पष्ट इङ्गित गरेको छ ।

मध्यकालमा यहाँ धर्ममा पूर्ण स्वतन्त्रता रहेको थियो । कुनै पनि व्यक्ति आफ्नो स्वेच्छामा कुनै पनि धर्म ग्रहण गर्न सक्तथे । एउटै परिवारका सदस्यहरू पनि विभिन्न धर्ममा अवलम्बित भएको कुराको स्पष्ट संकेत ने०सं० ५०८ को काठमाडौं न्हायकँबहिलको ताम्रलेखले गरेको छ । त्यस अभिलेखमा बौद्धमार्गी श्री ज्ञानचन्द्रले आफ्ना भाइ श्री ज्ञानचन्द्रलाई बौद्धमार्गी तुल्याई देवताहरू प्रतिष्ठापन गरेको कुरा वर्णित छ । जुन तत्कालीन धार्मिक स्वतन्त्रताको एक अनूपम उदाहरण स्वरूप छ ।

भगवान् शिव औ तिनको शक्ति नेपालमा प्राचीनकालदेखि नै आराध्य देवदेवीको रूपमा मानिए तापनि भगवान् शिव-रुद्र जन्मको बारे पुरातात्विक आधारमा पहिलो उल्लेख ने०सं० १०७ को ल.पु. घाँयकुको अभिलेखमा पाइएको छ । उक्त अभिलेख अनुसार शिव-रुद्रको उत्पत्ति देवताहरूका विभिन्न अंशबाट भएको थियो । यस कुराको उल्लेखले तत्समय यहाँ ब्राह्मण ग्रन्थहरूको प्रचार रहेको कुराको पुष्टिमा सघाऊ पुऱ्याएको छ । अर्को, उपर्युक्त अभिलेखमा भगवान् शिवको शक्तिको रूपमा ललितत्रिपुरसुन्दरी देवीको वर्णन गरिएको छ । भगवान् पशुपतिनाथको ज्योतिर्लिङ्गको शीरमा त्रिपुरसुन्दरीदेवीको प्रतीक श्रीयन्त्र लेखी दिनहूँ पूजा गरिने प्रचलन पाइनु औ उक्त लिङ्गको उत्तारतिरको वासुदेवको आकृतिमा शिव शक्तिको सम्मिलित स्वरूपको आकृति उत्कीर्ण गरिएको देखिएबाट अर्द्धनारीश्वरको भावनाले तत्समय अत्यधिक प्रचार पाएको कुरा जानिन्छ ।

हिन्दू धर्म एवं दर्शनमा वैदिक अद्वैत दर्शनको व्यापक

प्रचार रहेको थियो । शिव एवं विष्णुको एकात्म्य रूप हरिहरको कल्पनामा अद्वैत भावनाको स्पष्ट स्वरूप छर्लङ्गिन्छ । प्रस्तुत समयका अभिलेखहरूमा हरिहरको उल्लेख पाइनुको साथै शिव एवं सूर्यलाई पनि एउटै देवताको रूपमा कल्पना गरिएका छन् । यही नै देवताहरूको बीच अद्वैत भावनाको कारण एउटै देवी पनि विभिन्न देवताका शक्तिको रूपमा कल्पना गरिएको पाइएका छन् । सरस्वतीलाई ब्रह्मा एवं विष्णु दुबैको शक्तिको रूपमा मानिएकोलाई यहाँ उदाहरणको रूपमा लिन सकिन्छ । ने०सं० ५६७ को ल.पु. ससुवेल बालकुमारी स्थानको अभिलेखमा पुस्तक, अभय, वरद तथा जपमालाले सुशोभित पद्मासनस्थ चतुर्भुजा श्री सरस्वतीलाई ब्रह्मा एवं विष्णु दुबैको शक्तिको रूपमा वर्णन गरिएको छ, जसलाई यहाँ अद्वैत भावनाको सुन्दरतम् नमूना स्वरूप लिइन्छ ।

मध्यकालीन नेपालमा विभिन्न देवदेवीहरूको स्थापनाको साथै तिनीहरूको लागि मन्दिरहरूको निर्माण एवं गुठीहरू राख्ने जस्ता क्रियाकलापहरूको ज्यादै प्रचार रहेको पाइएबाट तत्कालीन नेपालको आर्थिक स्थिति ज्यादै सुदृढ भएको लाग्दछ । त्यस समय शिवका नामक मुद्राको चलन चल्तीमा आएको कुरा ने.सं. २९२ को ल.पु. गाबहालको अभिलेखबाट जानिए तापनि त्यस समयको कुनै मुद्रा अहिलेसम्म पाउन सकिएको छैन । जसको आधारमा तत्समय बेचबिखन कार्यमा मुद्राले खास भूमिका नभोग-टिएर वस्तु विनिमयको परिपाटी नै मुख्य रूपले प्रचलित रहेको देखिन्छ । अर्को, त्यस समय जग्गाको परिमाणलाई बुझाउने शब्दको रूपमा रोपणी शब्दको प्रयोग गरिन्थ्यो, जसबारे उपर्युक्त ने०सं० २९२ को अभिलेख नै साक्ष्य स्वरूप छ । प्रस्तुत समय माना, पाठीको चलन पनि चलेको कुरा माना शब्दको अर्थमा आउने मानि शब्दको प्रयोग ने० सं० १२५ को भक्तपुर भैरव स्थानको अभिलेखमा आएको, ने०सं० ५८५ को काष्ठमण्डपको ताम्रपत्रमा पाठीलाई बुझाउने भैं शब्दको प्रयोग भएको औ हाडिगाउँको उत्खननमा अनुमानित नवौं शताब्दी ई० को पाठीको प्राप्तिले माना, पाठीको चलन त्यस समय रहेको यथार्थतालाई पुष्टि गरेको कुरा स्वीकार्य नै लाग्दछ ।

कलाको क्षेत्रमा पनि प्रस्तुत समय ज्यादै उन्नति भएको थियो । तत्समयका कलाकारहरूले विभिन्न धर्मका अनेकौं देवदेवीहरूका मूर्तिहरूको निर्माण गर्नुको साथै ती देवताहरूका मन्दिरहरूको पनि निर्माण गरेका थिए । नेपालको इतिहासका ज्ञात विख्यात कलाकारहरूको अभ्युदय यसै समय भएको थियो । अरनिकोले खालि नेपालमै हैन, तिब्बत, चीनसम्म गई नेपाली कलाको सर्वोच्चतालाई टाढास्थ मुलुकहरूसम्म फिजाएका थिए । अनुमानित नवौं शताब्दी ई० को नेपाली चित्रकलाको नमूना मध्येशियाको तुङ्ह्वाङ्मा पाइएको छ । यस समयका अभिलेखहरूको अध्ययनमा पनि यस कालका केही विख्यात कलाकारहरूको परिचय पाउन सकिन्छ । देवपाटनको ने०सं० ३९६ को अभिलेखले नन्दपाल नामक शिल्पकारद्वारा भोग, मोक्षले युक्त श्री महागौरीको मूर्ति निर्माण गरिएको कुराको जानकारी दिएको छ भने हाडिगाउँको ने०सं० ५३४ को पादपीठ लेखले लोहकार श्री वाजसपतिले उमा महेश्वरको मूर्ति निर्माण गरेको कुरा प्रकटित गरेको छ । यी कलाकारहरूको उल्लेखले तत्कालीन नेपाली कलाकारहरूकाबारे अध्ययन गर्ने केही महत्वपूर्ण आधार भेट्टिएको छ ।

उपर्युक्त विभिन्न आधारहरूबाट प्रस्तुत समय अन्धकार युगको रूपमा पहिले मानिए तापनि हिजोआज यसलाई प्राचीन एवं वर्तमान कालको अध्ययनको अति आवश्यक कडीको रूपमा लिइन लागेको छ, जुन युक्तियुक्त नै लाग्दछ । यसैले यस कालको विशेष अध्ययन आजको लागि खास महत्व राख्ने भएको छ । जुन यस ग्रन्थको संरचनाका मुख्यतम् उद्देश्य रहेका छ ।

अभिलेख नं. १

ॐ सम्वत्सरशते षष्टे मासे कार्तिकसंज्ञके ।
नराणाम्परि भोगार्थं....

[प्राप्तिस्थान—ललितपुर सुनधाराको अभिलेख
मिति—ॐ सम्वत्सरशते षष्टे मासे कार्तिक संज्ञके (१०६)
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—+
प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—+

शिलापत्र राख्नेको नाम—+

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—+

कुनमा प्रकाशित-संशोधन मण्डलद्वारा प्रकाशित "अभिलेख संग्रह" दोस्रो भाग

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—+

कैफियत-प्रस्तुत अभिलेख सुनधारा संगैको भित्तामा अडेस लगाइराखेको शिलामा कुंदिएको औ यसमा मानिसहरूको परिभोगको लागि भनी उत्कीर्ण गरिएको पाइएबाट सम्भवतः यसले उक्त सुनधारा निर्माण गरिएको कुरोतिर इङ्गित गरेको लाग्दछ।]

अभिलेख नं. २

नमश्श्रीललितेशाय सर्व्वज्ञ त्रिगुणात्मने ।
देवात्मजवरेशाय भुक्तिमुक्तिप्रदायिने ॥
राज्ये श्रीगुणकामदेवनृपतेस्सप्तोत्तरैर्व्वन्दे शते
माघे मासि च रोहिणीबुधदि (ने)··
श्रीमाणिग्वलके सुरालय कृतम्तस्छ्रीवरौपात्मनः
पित्रोर्वन्द गुरोश्च भक्त जगतां स्वर्गापवर्गासये ।

[प्राप्तिस्थान-ललितपुर कुम्भेश्वर घाँय्बुको अभिलेख
मिति-सप्तोत्तरेर्व्वन्दे शते माघे मासि च रोहिणिबुधदि (ने)···
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत-श्री गुणकाम देव नृप
प्रशासनिक पद—+
अड्डा—+
शिलापत्र राख्नाको उद्देश्य- जगतलाई नै स्वर्ग र मोक्ष दिलाउन
शिलापत्र राख्नेको नाम—+
महानात्माहरूको समेत देवताहरूको नाम (१) श्री ललितेश
(२) देवात्मज
विहार, मन्दिरको नाम—+
धर्म, धार्मिक कार्य- शैव धर्म
कुनमा प्रकाशित—संशोधन मण्डलद्वारा प्रकाशित "अभिलेख संग्रह" नवाँ भाग
शिलापत्रको शिर्षचिन्ह—+
स्थान-श्रीमाणिग्वल

संक्षिप्त विवरण-— संवत् १०७ माघ महिना रोहिणी नक्षत्र बुधवारको दिन राजा श्री गुणकामदेवको राज्यकालमा श्री माणिग्वलक क्षेत्रमा कुनै एक आमा बाबु र गुरूका भक्तले जगतलाई नै स्वर्ग र मोक्ष दिलाउनको निमित्त देवप्रासाद निर्माण गरेको कुरा प्रस्तुत पादपीठ लेखमा वर्णित छ ।

कैफियत— प्रस्तुत अभिलेखमा शिवको स्तुती संक्षिप्त रूपमा वर्णन गरिएको छ । त्यस स्तुतीमा शिवलाई देवात्मजः भनी उत्कीर्ण गरिएबाट रूद्रको उत्पत्ति देवताहरूक अंशबाट भएको भन्ने ब्राह्मण ग्रन्थहरूमा वर्णित उपाख्यानको तत्समय प्रचार भएको कुरा विदित हुन्छ । कौशीतकी ब्राह्मण ६, १ मा रूद्रको जन्म अग्नि, वायु, आदित्य र चन्द्रमस्का बीजबाट भएको कुरा वर्णित छ जो स्वयं प्रजापतिद्वारा उत्पन्न गरिएका थिए । शतपथ ब्राह्मण ६, १, ३ मा रूद्रलाई संवत्सर उषाको मिलनबाट उत्पन्न भएको भन्ने कुरा वर्णित छ । जैमिनीय ब्राह्मण ३,२६१,२६३ मा यज्ञमा जान लागेको समय देवताहरूले आपना क्रूर अंशहरूलाई अलग गरेको औ ती क्रूर अंशहरूबाट रूद्रको उत्पत्ति भएको कुरा उल्लेख-गरिएको छ ।

अर्को प्रस्तुत अभिलेखमा शिवलाई ललितेशाय भनिएबाट ललिता अर्थात् त्रिपुरसुन्दरीदेवी शिवकी शक्तिको रूपमा मानिन्थिन् भन्ने कुरोको पनि पुष्टि हुन्छ । यसै तथ्यको परि

प्रेक्षमा पशुपतिनाथको मन्दिर भित्र भगवान् पशुपतिनाथको शिरमा त्रिपुर सुन्दरीदेवीको प्रतीक श्रीयन्त्र लेखी दिनहुँ पूजा हुने अद्यापि प्रचलनले पनि उपर्युक्त तर्क कै पुष्टितिर इङ्गित हुन्छ ।]

कैफियत—यद्यपि उत्तर प्राचीनकालीन ल.पु. त्यागल टोल-को एक चैत्यमा उत्कीर्ण अभिलेखमा मञ्जु-श्रीको स्वरूपबारे उल्लेख गरिएको पाइए ता-पनि तिनको मूर्ति प्रतिष्ठापन गरिएको कुराको पहिलो उल्लेख प्रस्तुत अभिलेख मैं भेट्टिएको छ, जुन यस अभिलेखको विशेषता स्वरूप छ.।]

अभिलेख नं. ३

··· ··· ··ज्येष्ठ पूर्णमास्याम्·····ल···देव ··
··· ··· ···वासिनास्थपति·····के
पितोरात्मनश्च पुण्याभिवृद्धये सर्व्वजनानाञ्च ·····
·····भगवच्छ्री मञ्जुनाथ भट्टारकोयम्प्रतिष्ठा कृतेति ।।

[प्राप्तिस्थान-काठमाडौं जोशीदेवल समीपस्थ मन्दिरको मञ्जुश्री मूर्तिको पादपीठ लेख

मिति—.....ज्येष्ठ पूर्णमास्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—+

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य–मातापिता, आफनो तथा सम्पूर्ण मानिसहरूको पुण्य अभिवृद्धिको लागि

शिलापत्र राख्नेको नाम—+

महानात्माहरूको समेत देवताहरूको नाम– भगवच्छ्री मञ्जु-नाथ भट्टारक

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—बौद्ध

कुनमा प्रकाशित— Dr. D.R. Regmi, Medieval Nepal, Part III, P. 2

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—मातापिता, आफनो तथा सम्पूर्ण मानिस-हरूको पुण्य अभिवृद्धिको लागि भग-वच्छ्री मञ्जुनाथ भट्टारकको मूर्ति प्रतिष्ठा-पन गरेको कुरा अभिलेखमा वर्णित छ ।

अभिलेख नं. ४

ॐ श्री योस्तुः।। सम्वत् १२५ चैत्रशुक्लत्रियोदस्यां·····
महाराजाधिराज श्रीनिर्भयदेवविजयराज्येः।। श्रीखपु·····
शिवग्वलोत्तरधेनकवास्तव्यजयचतुपाकन श्रिया थवङ वक परक·····
देवस्थानार्थं द्वादस मानि धानि प्रज्ञा तप तिलकमरा... .....

[प्राप्तिस्थान—भक्तपुर भैरवस्थानको अभिलेख

मिति—संवत् १२५ चैत्रशुक्ल त्रियोदस्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—(१) महा-राजाधिराज श्री निर्भयदेव (२) जय चतुपाक

पशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—देवस्थानको लागि कूत निर्धा-रण गरी जग्गा राखेको

शिलापत्र राख्नेको नाम—जय चतुपाक

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

धर्म धार्मिक कार्य—हिन्दू

कुनमा प्रकाशित—अभिलेख संग्रह, दोस्रो भाग, पृ.६; Dr. D. R. Regmi, Medieval Nepal, Part III; शङ्करमान राजवंशी, नेपाली लिपिविकास १९७४ ई., पृ. ४६

शिलापत्रको शिर्षचिन्ह—+

स्थान–(१) श्री खपु (२) शिवग्वलोत्तर धेनक

संक्षिप्त विवरण—महाराजाधिराज श्रीनिर्भयदेवको विजय-राज्यमा भक्तपुर शिवग्वलोत्तर धेनकमा बस्ने जयचतुपाक नामका व्यक्तिले देव-स्थानको लागि कूत निर्धारण गरी जग्गा राखेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।

कैफियत— प्राचीनकालमा भाषा एवं साहित्यको क्षेत्रमा यहाँका मानिसहरूलाई पूर्ण स्वतन्त्रता प्राप्त थियो । तिन हरू स्वेच्छामा कुनै पनि भाषाको प्रयोग गर्न सक्तथे । उत्तर प्राचीनकालका संस्कृत भाषाका शिलाभिलेखहरूमा हिजोआज नेपाल भाषा भनिने तत्कालीन जनभाषाका हारागुङ, गुँ, जरें, सिं, हाह्मुं, कुह्मुं, जस्ता शब्दहरूको प्रचूर मात्रामा प्रयोग पाइएबाट तत्समय संस्कृत बाहेक अन्य लौकिक भाषाहरूको पनि समाज-मा प्रचलित थियो भन्न कुराका अनुमान गर्ने यथेष्ट आधार भेट्टिन्छ । किनभने शब्द मैं भाषा-को अस्तित्व रहन्छ । यसै तथ्यको परिप्रेक्षमा प्रस्तुत अभिलेखलाई लिन सकिन्छ । यस लेखमा नेपाल भाषाको प्रयोग पाइएबाट अहिलेसम्म प्राप्त नेपाल भाषाका अभिलेखहरूमा यो अभि-लेख नै सर्व प्राचीन भएको कुरा जानिन्छ ।]

अभिलेख नं. ५

ॐ स्वस्ति कैलासवास सिरसि त्रिपथगाश्चन्द्र(मा)ङ्ककपालः
भाति कण्ठे भुजङ्ग फणिमणिकिरण करुठश्लिट्काल-
कूटः प्रेम्नास्वज्य मुखेन्दुं हिमगिरिस्त नया वामपार्श्वे निधाय ।
सेनानीनृत्यरावगणपतिप्रमथैः पातु वः चन्द्रमौलिः । राज्ये
पुण्यमलङ्कृत यशनि-
धिः श्रीरुद्रदेवो नृपः । साधुभ्रातृजपुत्रधर्म्मणिरति श्री भोज-
देवोपि राट् ।

तावेतौ शशिभास्करोपमतिथौ सन्दर्शकालेहनि नेपाले
गङ्गारविन्दकुमुद श्रीलालिताख्ये पुरे ॥ अथ तेग्वलस्थान-
स्य भूत्वा
पौरन्दरन्दिशि । भगवच्छ्रीशङ्करसौमो गणैः साद्धं शिलामयं ॥

तत्र प्रवरशुद्धात्मा वेङ्खाशिह्म इति धर्म्मभाक् । प्रतिष्ठा
देवदेवस्य

चक्रे कीर्त्तिजिगीषया । मया निर्व्वर्तितम्पिण्डम्प्रत्यर्थी ये
दिवङ्गता ।

ज्ञात्वा ते रुद्रमायाता अनुत्तरफलाप्तये ॥ राजा भवतु
तेजस्वी ।

पृथिवी सस्यसम्पदाः । अरोग्य सर्व्वसत्वानान्धन्यसन्तान मे स-
दा ॥ सम्वत् १३२ प्रथमाषाढशुक्लदिवात्रीयोदश्याम्बृहस्प-
तिदिने

मैत्रनक्षत्रन्देव प्रतिष्ठितमिति

[प्राप्तिस्थान—ललितपुर त्यागलटोल गचाननीको अभिलेख

मिति—संवत् १३२ प्रथमाशाढशुक्लदिवात्रीयोदश्याम्बृहस्प-
तिदिने मैत्रनक्षत्र

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—(१) श्री रुद्र-
देवो नृपः (१) श्री भोजदेवोपिराट् (३) वेङ्खाशिह्म

पशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—कीर्ति स्थापना गर्ने इच्छाको
साथै आफ्ना दिवङ्गत पितृहरूको उद्धारको लागि

शिलापत्र राख्नेको नाम—वेङ्खाशिह्म

महानात्माहरूको समेत देवताहरूको नाम—(१) त्रिपथगा (गंगा)
(२) चन्द्रमा (३) हिमगिरितनया (पार्व्वती)
(४) सेनानी (कुमार) (५) गणपति
(६) चन्द्रमौलि (शिव) (७) रुद्र
(८) श्री शङ्करसौम

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—शैवधर्म

कुनमा प्रकाशित—संशोधन मण्डलद्वारा प्रकाशित "अभि-
लेख संग्रह" नवाँ भाग

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—(१) श्री लालिताख्यपुर (२) तेग्वलस्थान

संक्षिप्त विवरण—राजा श्री रुद्रदेव र तिनका भतिजाका पुत्र श्री भोजदेवको राज्यकालमा श्री ललितपुरस्थित तेग्वलदेखि पूर्व पट्टि वेङ्गाशिह्म भन्ने धर्मात्मा व्यक्तिले कीर्ति स्थापना गर्ने इच्छाको साथै आफ्ना दिवङ्गत पितृहरूको उद्धारको निमित्त गणसहित भएका श्री चन्द्रशेखर शिवको आकृति शिलामा स्थापना गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।

कैफियत— प्रस्तुत अभिलेखमा चन्द्रशेखर शिवको स्तुती संक्षिप्त रूपमा वर्णन गरिएको छ । त्यस स्तुतीमा शिवको शिर गगा, चन्द्रमा तथा कपाल-ले शोभित भएको भनी वर्णन गरिएबाट त्यस समय शैव कापालिक मतको ललितपुरमा प्रचार भएको कुरातिर संकेत मिल्छ । शिरमा अस्थिकामालाहरू मुकुटको रूपमा लगाउने कापालिकहरूको उल्लेख सातौं शताब्दी ई. मा भारत भ्रमणमा आउने चिनिया यात्री ह्यूनसांगले गरेका छन् । जसले पनि उक्त अनुमानको पुष्टि गरेको छ.।

अर्को, प्रस्तुत अभिलेखमा कण्ठाश्लिट कालकूट: भनी उल्लेख गरिएको छ, जसले शिवको कालकूट: विषपानको पौराणिक उपाख्यानको झल्को गरेको लागेको छ ।

फेरि, कुमार, गणेश सहित नृत्यमा रत प्रमथ-गणहरू सहित भएर वाम काखमा पार्व्वतीलाई अङ्कमाल गरेर विराजमान भएका भन्ने कुराको वर्णनले शिवको नृत्येश्वर उपाधिलाई सार्थक बनाएको बुझिन्छ ।

प्रस्तुत अभिलेखमा रुद्रदेव र भोजदेवको राज्य-कालमा भनिएबाट तत्समय नेपालमा द्वैध शासन कायम भएको कुरातिर लक्ष गरेको देखिन्छ ।]

अभिलेख नं. ६

ॐ सम्वच्छरवेदाब्धिचन्द्रे जेष्ठकृष्णाएकादश्यां तिथौ शनैश्चरवासरे
महापण्डितशाक्यभिक्षु श्रीगौतमस्य कृतश्रीललितपत्तन-विराजितश्रीसप्तपुरी-
महाविहारस्य परङ्गणमिष्टकालङ्कृतङ्कारयति तस्य दानपति शाक्यभिक्षु श्रीशुभ-
श्रीरनेन पुण्येन तु सर्व्वदर्शितामवाप्य निर्जित्य वशेषविद्विष । जरारुजामृत्युमहो-
र्म्मिसङ्कुलात्समुद्धरेयं भवशागराज्जगत् ॥

[प्राप्तिस्थान—ललितपुर गुइतः विहारको अभिलेख

मिति—ॐ सम्वच्छरवेदाब्धिचन्द्रे (= १४४) जेष्ठ कृष्ण एकादश्यां तिथौ शनैश्चरवासरे

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—
(१) महापण्डित शाक्यभिक्षु श्री गौतम
(२) शाक्यभिक्षु श्री शुभश्री

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—जरा, रुजा र मृत्यु रूपी ठूलो छालले युक्त भवसागरबाट संसारलाई उद्धार गर्ने

शिलापत्र राख्नेको नाम—शाक्यभिक्षु श्री शुभश्री

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—श्री सप्तपुरी महाविहार

धर्म, धार्मिक कार्य—बौद्ध

कुनमा प्रकाशित—संशोधन मण्डलद्वारा प्रकाशित "अभि-लेख संग्रह" नवाँ भाग

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—श्री ललितपत्तन

संक्षिप्त विवरण—षड् रिपुलाई वशमा पारेर सर्व्वज्ञता हासिल गरी जरा (बुढ्यौली), रुजा (रोग) र मृत्यु-रूपी ठूलो छालले युक्त भएको भवसाग-रबाट संसारलाई उद्धार गर्ने उद्देश्य लिई महापण्डित शाक्यभिक्षु श्री गौतम निर्मित श्री ललितपत्तन स्थित श्री सप्त-

पुरी महाविहारको प्राङ्गणमा शाक्यभिक्षु श्री शुभश्री भन्ने धर्मात्माले ईंट छापेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ।

कैफियत— सिद्धार्थ गौतमको महाभिनिष्क्रमण हुनु भन्दा पहिले यस भवसागरमा जन्म, मृत्यु, जरा, व्याधि जस्ता कुराहरू देखेर तिनको मनस्थिति-लाई ज्यादै विचलित पारेको थियो। अनि तिनले तिनीहरूबाट यस संसारका प्राणीहरूलाई मुक्त नगरेसम्म यो संसारमा दुःख निर्मूल पार्न नसकिने हुँदा सो को ज्ञान प्राप्तिको लागि गृहत्याग गरी महाभिनिष्क्रमणतिर लम्केको कुरो बौद्ध ग्रन्थहरूबाट विदित हुन्छ। सोही लक्षलाई प्रस्तुत अभिलेखका शाक्यभिक्षु श्री शुभ-श्रीले पनि सत्कार्यद्वारा मात्र प्राप्त गर्न सकिने विश्वास लिई उपर्युक्त सत्कार्य गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णन गरिएको ठीकै प्रतीत हुन्छ। तर, यहाँ यस कुरालाई विसँनु छैन कि जहाँ सिद्धार्थले ज्ञान प्राप्तितिर जोड दिएका छन् भने यस अभिलेखमा श्री शुभश्रीले सत्कार्यलाई नै प्राथमिकता दिएको देखिन्छ।

अभिलेख नं. ७

.....

.....

.....मधिकरणायुवि

..... पूर्व कूरेप्रदेश.....कृत्वात

....त्तादा संसार .... गदत्तं

....संवत् अचुप्ल बैशाख सुक्र दिवा पुण्या

[प्राप्तिस्थान—चाङ्गुको अभिलेख

मिति—संवत् अचुप्ल (=१८६) बैशाख सुक्र दिवा पुण्या

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—+

प्रशासनिक पद—+

अड्डा—.....मधिकरण

शिलापत्र राख्नाको उद्देश्य—+

शिलापत्र राख्नेको नाम—+

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—+

कुनमा प्रकाशित—Dr. D. R. Regmi Medieval, Nepal, Part III, P. 4.

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—(१) कूरे प्रदेश (२) संसार

संक्षिप्त विवरण—+

कैफियत—प्रस्तुत अभिलेखका अक्षरहरू साह्रै नै विग्रिसकेको हुनाले अर्थ राम्ररी खुल्न सकेको छैन।]

अभिलेख नं. ८

ॐ पञ्चासीतिनियुक्तवत्सरशतं प्राप्ता सुपूर्णा सुभा
मूलादित्ययुता(वि)धिश्च धवलाषाढत्रयोदस्यपि
श्रीप्रद्युम्नमहीपतेश्च सुखवद्राज्यं प्रतिष्ठापिता
तत्राचार्यवरेण सा प्रतिकृती रत्नाकरस्वामिना

[प्राप्तिस्थान—ललितपुर थपाहिटीको पादपीठ लेख

मिति—ॐ पञ्चासीतिनियुक्तवत्सरशतं प्राप्ता सुपूर्णा सुभा
मूलादित्ययुता विधिश्च धवलाषाढ त्रयोदस्यपि
(संवत् १८५)

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—
(१) श्री प्रद्युम्न महीपति
(२) आचार्य श्री रत्नाकर स्वामी

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—+

शिलापत्र राख्नेको नाम—आचार्य श्री रत्नाकर स्वामी

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—हिन्दू सौर धर्म

कुनमा प्रकाशित—संशोधन मण्डलद्वारा प्रकाशित "अभिलेख संग्रह" दोश्रो भाग

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—संवत् १८५ आषाढ त्रयोदशी मूलनक्षत्र-युक्त आदित्यवारको दिन आचार्य श्री रत्नाकर स्वामीले देवमूर्ति (सूर्यमूर्ति) प्रतिस्थापन गरेको कुरा प्रस्तुत पादपीठ लेखमा वर्णित छ ।

कैफियत—स्थानक मुद्रामा रहेको प्रस्तुत सूर्यमूर्तिको पादपीठ अभिलेख मध्यकालीन नेपालमा सूर्यमूर्तिको पूजा प्रचारबारे थाहा लिने महत्त्वपूर्ण सामग्री रहेको छ । यो पादपीठ लेखयुक्त सूर्यमूर्ति तत्कालीन अभिलेख सहितका सूर्यमूर्तिहरूमा सबैभन्दा जेठो मानिएको छ । यो मूर्ति स्थानक मुद्रामा भए तापनि यिनका गोडामा बूट लाएका छैनन् । यी देवताका दुबै हातमा कमलका डाँठ छन् औ यिनको दायाँ र बायाँ दण्ड र पिङ्गल छन् ।]

अभिलेख नं. ९

नमो बुद्धाय ॥ शंता भू ·····ऽशुभे ॥ प्रजाख ड्ग.....
विजित्ययेनप्रापिप्रदीसः प्रेत ..विकलो
धर्म्मराज्याभिषेकः ।···छे ···॥ भूयात् भूत्यै त्रिलोक्याः
सचिरमधिगणालङ्कृतोबुद्धवीरः ॥ विख्याता ललितापुरीति-
नगरी दिक्षु

सर्व्वास्वपि विद्याभ्यास · कृतयुग ····· शो··· .....
विविधै देवालयै···॥ तत्र प्राच्यादिशिगु-
सटलोनामरम्पो विहार पि · क्षपित तमस्त्वेभिक्षुसंघस्य
·· त्रैस्मिंश्चासी···मणि · गौतमश्रीयतीन्द्रः॥
पुण्यंतत्रा सीविहार · सेव्व ·· श्चाबुधनियम
षामग्रणीस्तस्यशिष्यः चान्तिश्रीरे···ह
योत्पुनरपि घटितं ···सख्यैम.घ शुक्ल प्रतिपदितियौ
यज्ञमारभ्यतावत् ॥ स्था ध्वजमतिशुभंवाधिरोप्या ·
गल...ताभर...प...द्वादशभ्याम् ··कालवशीप्रयासि ।
भवतुत्रसुमतीयंशस्यसंपत् समृद्धा
जनभव ·····ङ्कलिकलुषहरंसिद्धिदंसाधका·····तैरचितं
गु (ह्य) नाथैः - सैन्नरस्थ संपूर्ण सर्वकालम्प्रादि...
मण्डलं च ॥ शुभमस्तु सर्व्वजगतां ॥ ॥

[प्राप्तिस्थान—ललितपुर गुह्यत विहारको अभिलेख

मिति—·····माघे शुक्ल प्रतिपदितियौ

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—
(१) गौतमश्री यतीन्द्र
(२) क्षान्तिश्री

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—समयानुसार वर्षा भई पृथ्वी अन्न, फलफूल आदिले परिपूर्ण भएर सबै जनताहरू परस्परमा लोभ, मोह, कलह छोडेर शान्तिपूर्वक रहुन्

शिलापत्र राख्नेको नाम—क्षान्तिश्री

महानात्माहरूको समेत देवताहरूको नाम—(१) बुद्ध (२) वसुमती (३) गुह्यनाथ (४) सचि

विहार, मन्दिरको नाम—गुसटलो नाम रम्पो विहार

कुनमा प्रकाशित—Dr. D.R. Ragmi, Medieval Nepal, Part III, PP. 11-12.

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—ललितापुरीति नगरी

संक्षिप्त विवरण—प्रख्यात ललितापुरी नगरको चारै दिशा तर्फ देवालयहरूमा विद्याभ्यासमा तत्पर भएका विद्वान्हरूले वास गरिएको यस नगरको पूर्व दिशा तर्फको गुसटलोनाम रम्पो विहारमा बस्ने भिक्षु संघका अधिपति यतीन्द्र गौतमश्रीका मुख्य शिष्य क्षान्तिश्री भन्ने ले समयानुसार वर्षा भई पृथ्वी अन्न, फलफूल आदिले परिपूर्ण भएर सबै जनताहरू परस्परमा लोभ, मोह, कलह छोडेर शान्तिपूर्वक रहुन् भन्ने अभिलाषा गरी कुनै कुरोको औंगी-

द्धार गर्न ध्वजा पताका आदिले विभूषित यज्ञ मण्डप बनाई यज्ञ आरम्भ गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ.।

कैफियत—प्रस्तुत अभिलेखको अध्ययनबाट उपर्युक्त समय मध्यकालीन भारतमा जस्तै देव मन्दिरहरू विद्याध्ययनको केन्द्रको रूपमा रहेको कुराको पत्तो हुन्छ। मध्यकालीन भारतमा देव मन्दिरहरू महाविद्यालयको रूपमा विकसित भएको कुरा त्यहाँका अभिलेखहरूको अध्ययनबाट जानिन्छ। अर्को, यस लेखमा चारै दिशाका देवालयहरूमा विद्याभ्यासमा लागेका विद्वान्हरूले वास गरेको ललितपुर नगर भनी वर्णन गरिएबाट तत्समय ललितपुर नेपाल राष्ट्रको विद्याकेन्द्र स्वरूप भएको कुरा निर्णित रूपले जानिन्छ।
यस लेखको आरम्भमा इन्द्रादि देवताले स्तुति गरिएका हिंसा कर्मको बिना अहिंसा धर्मका महाप्रवर्तक धर्मवीर बुद्ध लाई नमस्कार छ भनी भगवान् बुद्धको स्तुति गरिएको छ।]

अभिलेख नं. १०

त्रिभिर्वर्षैः समायुक्ते सम्वत्सर शतद्वये वैशाखशुक्ल सप्तम्यां बुधे पुष्योदये शुभे। श्री यशोदेव भूनाथस्तनयो धर्मतत्परः ।।
श्रीबाणदेवः कृतवान् प्रतिमासु प्रतिष्ठिता। दिवाकरस्य–
यामात्रा
पुरा संकल्पिता मुदा कर्तुस्तेनास्तु सततं तेजो वृद्धिर–
नुत्तरा ।। ।।

[प्राप्तिस्थान—ल०पु० सौगल टोलस्थित सूर्यमूर्तिको पादपीठ लेख

मिति—त्रिभिर्वर्षैः समायुक्ते सम्वत्सर शतद्वये (=२०३) वैशाख शुक्ल सप्तम्यां बुधे पुष्योदये शुभे।

राजा, दूतक वा कुलको नाम प्रशस्ति समेत—
(१) श्री यशोदेव भूनाथ
(२) श्री बाणदेव

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—+

शिलापत्र राख्नेको नाम—श्री बाणदेव

महानात्माहरूको समेत देवताहरूको नाम—दिवाकर

विहार, मन्दिरको नाम—+

धर्म धार्मिक कार्य—हिन्दु

कुनमा प्रकाशित—Dr. D. R. Regmi Medieval Nepal, Part III, P. 5.

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—भूनाथ श्री यशोदेवका छोरा धर्ममा तत्पर हुने श्री बाणदेवले भगवान् सूर्यको मूर्ति प्रतिष्ठापन गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ।

कैफियत—प्रस्तुत अभिलेखमा वर्णित सूर्यमूर्ति नेपालका अभिलेख सहितका सूर्यमूर्तिहरूमा सर्व प्राचीन मध्येको मानिन्छ। यो मूर्ति स्थानक मुद्रामा भए तापनि यिनका गोडामा बूट लाएका छैनन्। यसका दुबै हातमा कमलका डाँठ छन् अो दायाँ बायाँ दण्ड र पिङ्गल छन्।

प्रस्तुत अभिलेखमा श्री यशोदेवलाई भूनाथ भनिएबाट सम्भवतः यिनी ललितपुरका कुनै स्थानीय शासक भएको अनुमान हुन्छ।]

अभिलेख नं. ११

शुभमस्तु। सम्वत् २२१ मार्गशुक्लसप्तम्यां राजाधिराजपरमेश्वरः श्रीमत्शिवदेवमहाराजे। श्रीरामदीवसमत्तविजयराजे। मंग्गरविषये। कुटेश्वर भटारक। सताडे गौठिपचालिकेणः
च्छेप
र-ग्र ण्ड श्रो प ले ०, ।। श्री इदाभावो नायक। श्री धकतप नायंक श्रीसोहवराने। एते पधाण वर्त्तनीय।

[प्राप्तिस्थान—ललितपुर पूर्णचण्डी महाद्योनली स्थित ऐश्वर्य धर शर्माको संकलनमा रहेको ताम्रपत्र

मिति—संवत् २२१ मार्गशुक्लदशम्यां

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—१) राजाधिराज परमेश्वरः श्री मत शिवदेव
२) महाराजै श्री रामदीव
३) श्री इदाभावो नायक श्री धक्नप
४) नायक श्री सोहवरान

प्रशासनिक पद—१) नायक २) समन्त

अड्डा—१) गौठि २) पञ्चालिक

ताम्रपत्र राख्नाको उद्देश्य—+

ताम्रपत्र राख्नेको नाम—+

महानात्माहरूको समेत देवताहरूको नाम—फ्वांटेश्वर भटारक

विहार, मन्दिरको नाम—+

कुनमा प्रकाशित— M.R. Pant & A.D. Sharma, The Two Earliest Copper Plate In Scnptions from Nepal, in Nepal Research Centre Miscellaneous Papers, No. 12, Nepal Research Centre, Kathmandu, July 1977, P- 7

ताम्रपत्रको शिर्षचिन्ह—+

स्थान—१) मंग्वर विषय २) सताउ

संक्षिप्त विवरण—राजाधिराज परमेश्वर, श्रीमत शिवदेव तथा महाराज सामन्त श्री रामदीवको विजय राजमा मंग्वर विषय स्थित फ्वांटेश्वर भटारकको सताडमा श्री इदाभावो नायक श्री धक्नप तथा नायक श्री सोहवरान गोष्ठी र पाञ्चालिकका प्रधानको रूपमा छानिएको कुरा प्रस्तुत ताम्रपत्रमा वर्णित भएको देखिन्छ ।

कैफियत—प्रस्तुत ताम्रपत्रको अध्ययनबाट उपर्युक्त समय गोष्ठी र पाञ्चालिकका प्रधान पदहरूको लागि चुनाव गरिने परिपाटी भएको कुराको अनुमान हुन्छ ।

अर्को, यस लेखमा वर्णित मंग्वर विषय पूर्व १ नं० धुलिखेलदेखि अन्दाजी ७ कोश पूर्व स्थित व्यापारिक केन्द्रको रूपमा रहेको मङ्गलटार भन्ने स्थान भएको प्रतीत हुन्छ । यस लेखको मंग्वर र मङ्गल नाममा सामञ्जस्यता पाइनु औ संवत् २२० को आर्यावलोकितेश्वर विजय नामक ग्रन्थको पुष्पिकामा उल्लिखित धवलस्रोतका महासामन्ताधिपति महासामन्त श्री रामदेव र यस लेखमा वर्णित महाराज सामन्त श्री रामदीव एउटै व्यक्ति लागेको हुँदा धवलस्रोत वर्तमान धुलिखेलको प्राचीनतम नाम भएको देखिएकोले पनि उपर्युक्त अनुमानमा सघाउ पुऱ्याएको छ ।]

अभिलेख नं. १२

[ॐ नमः श्री] धर्मधातवे ॥ ज .....धातवे ।
सर्वधर्म ..... पापजोन्मिनाथ
.....नुभव भव भावो भ..... ॥ आशीत्तुरुष .....—
... .सदेव इ.....भ वे वीहारक सद्धर्म्मचैत्य ॥
चिन्त्य... .....
रनः ॥ गत पञ्च [धि] के यष्टि... ... ...ना प्र णे हा नि त
... ...कर्मधर्म
ध्वजश्चैत्यः जेष्ठ ॥ यावल्लोक... ... ...शू[न्य]ता ज्ञान
धामापुरस रत्न
सरोजेरुत्तम... ...भ दिव कीर्ति... ... स्वभावः सम सुख
वशवर्ति
... ...[सद्ध]र्म लोक बृद्धय... ...श्रु... ... ..कस्य
महसा ब्रह्मज्ञा-
[नै] देवान्स्वर्गपुरी... — ..गतःमह... ... ...बोधिपतिः
प्रज्ञो (पाया .....
—... ---- त्यैक तिष्ठन्मन ..... धर्म्मश्च .....ष्ठो
द्वार विधिः... .. ...
धर्म्मश्च ·.....ज्य इति ख्यातः.....द्धि र्भवे-
होदृशी ॥.....
[नेपाल] हायने शुद्धे .....सरे भाग्य श्री.....यण
वज्रानुक्रमे.....

... ...नानुगम जीर्णो[द्धार]... ... ...नेपाल नामो.....
... ...राज्ये... ... ...द् भव... ... ...पा भवन्ति
... ... भै दी दा ई दे... ... ...नि म मो ज्ञ.....
... ...मैत्री चन्द्रेण

[प्राप्तिस्थान—काठमाडौं स्वयम्भूको अभिलेख
मिति—अनुमानित १२ औं शताब्दी ई.
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—मैत्रीचन्द्र
प्रशासनिक पद—+
अड्डा—+
शिलापत्र राख्नाको उद्देश्य—+
शिलापत्र राख्नेको नाम—मैत्रीचन्द्र
महानात्माहरूको समेत देवताहरूको नाम—+
विहार, मन्दिरको नाम—+
धर्म, धार्मिक कार्य—बौद्ध
कुनमा प्रकाशित—हेमराज शाक्य, मेदिएवल नेपाल, १९७०, पृ. ५६–५७.
शिलापत्रको शिर्षचिन्ह—एउटै चैत्य, भिक्षुहरू तथा दुईवटा मृगका आकृतिहरू उत्कीर्ण छन् ।
स्थान—नेपाल
संक्षिप्त विवरण—+
कैफियत—मैत्रीचन्द्र नामका व्यक्तिद्वारा चैत्य जिर्णोद्धार गरिएको कुरा वर्णित प्रस्तुत अभिलेखमा ब्रह्मज्ञानबारे पनि उल्लेख गरिएबाट बौद्धधर्मले हिन्दूधर्मका मूलभूत तत्त्व एवं दर्शनलाई उपर्युक्त समयसम्म यथेष्ट मात्रामा अंगिकृत गरिसकेको कुरा बोध हुन्छ ।]

अभिलेख नं.१३

सम्वत् आ ९ भाद्रपदकृष्ण सप्तम्यां ।। श्रीमन्
राजाधिराज परमेश्वर
परमभट्टारक श्रीमानदेवस्य विजयराजे ।
श्रीदनिश्व(र)दक्षिणे तीग्राविर्वा–
सिनः दिवंगत प्रजनवैन निर्मितेन तत्रैव ।
योधिचैत्तिन ट्रीनमेत
नद्यां. तेत पन्नोलि कर्तव्यम् नित्यवच्छिन्नम्
सम्प्रदत्तं

[प्राप्तिस्थान—काठमाडौं ब्रह्मटोलको जलद्रोणिको अभिलेख
मिति—संवत् आ ९ (२५९) भाद्रपदकृष्ण सप्तम्यां
राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—श्रीमन् राजाधिराज परमेश्वर परमभट्टारक श्रीमानदेव
प्रशासनिक पद—+
अड्डा—+
शिलापत्र राख्नाको उद्देश्य—दिवंगत भरकाहरूको उद्धारको निमित्त
शिलापत्र राख्नेको नाम—+
महानात्माहरूको समेत देवताहरूको नाम—श्रीदनिश्वर
विहार, मन्दिरको नाम—+
कुनमा प्रकाशित—Dr. D. R. Regmi, Medieval Nepal, Part, III, PP. 5–6
शिलापत्रको शिर्षचिन्ह—+
स्थान—दक्षिणे तीग्र
संक्षिप्त विवरण—श्रीमन् राजाधिराज परमेश्वर परमभट्टारक श्री मानदेवको विजयराजमा श्री दनिश्वरको दक्षिणतिर तोग्र भन्ने स्थानका बासिन्दाहरूले दिवंगतहरूको उद्धारको लागि नदी जस्तै पानी कैले पनि आउन बन्द नहुने गरी जलद्रोणि प्रतिष्ठापन गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।
कैफियत—प्रस्तुत अभिलेखको अध्ययनबाट उपर्युक्त समय स्थानीय आवश्यकताहरू पूर्तिको लागि त्यहींका जनताहरू मिलेर निर्माणका कार्यहरू सम्पन्न गर्दथे भन्ने कुराको उदाहरण प्रस्तुत अभिलेखले प्रस्तुत गरेको छ ।]

अभिलेख नं. १४

ॐ नवससद्विसहिते आषाढे सिते द्वितीया रुद्रगनादित्य स्थापित

सम्वत् २७९ आषाढशुक्लद्वितीया सकलषतसन्तारिणि

[प्राप्तिस्थान—काठमाडौं नक्साल नन्दिकेश्वर वहालको ढुंगेधारानिर प्रतिष्ठापित सूर्यमूर्तिको पादपीठ तथा जलहरीमा उत्कीर्ण अभिलेख

मिति—संवत् २७९ आषाढ शुक्ल द्वितीया

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—+

प्रशासनिक पद—+

अड्डा—+

शलापत्र राख्नाको उद्देश्य—+

शिलापत्र राख्नेको नाम—+

महानात्माहरूको समेत देवताहरूको नाम—रुद्रगणादित्य

विहार, मन्दिरको नाम—+

कुनमा प्रकाशित—Dr. D. R. Regmi, Medieval Nepal, Part III. P. 5;
पूर्णिमा, १.३, पृ. १७.

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—संवत् २७९ आषाढ शुक्ल द्वितीयाको दिन रुद्रगणादित्यको मूर्ति प्रतिष्ठापन गरिएको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।

कैफियत— प्रस्तुत पादपीठ लेखमा रुद्रगणादित्य भनेर उल्लेख गरिएबाट आदित्य (सूर्य) पनि शिव-रुद्रगणकै एक सदस्य भएर शिव र सूर्य बीचको घनिष्टतम सम्बन्धलाई प्रकटित गर्दछ । शिव र सूर्यमा कुनै विभेद नभएको कुरा निम्न श्लोकबाट स्पष्ट हुन्छ । "आदित्यं च शिवं विद्यात्, शिवमादित्य रुपिणम् । उभयोरन्तरं नास्ति, ह्यादित्यस्य शिवस्य च ॥" नेपाल संवत् ३८१ को फरपिङ्गको अभिलेखमा शिवभाष्करम् भनी वर्णन गरिएबाट शिव र सूर्य एउटै भएको यथार्थतालाई दर्शाउनुको साथै शैव र सौर सम्प्रदायको एकात्मकतालाई दर्शाएको स्पष्ट छ ।

अर्को, प्रस्तुत पादपीठ माथि प्रतिष्ठापित सूर्यमूर्ति स्थानक मुद्रामा रहेको छ । यस मूर्तिको विशेषता यसको गोडामा बनेको बूटमा रहेको छ । यस मूर्तिमा प्रयोग गरिएका लुगा पनि कुषाणकालीन सूर्यमूर्तिहरूमा प्रयुक्त लुगासित मेल खान्छ ।]

अभिलेख नं. १५

स्वयोस्तु ॥ सम्वत् २८२ मार्गशिरशुक्लपूर्णमास्या रोहिन्याङ्गारदि-

ने-॥ राजाधिराजपरमेश्वरपरमभटारक । श्री नेपालाधिपति श्रीमदानन्ददेवस्य विजयराजे-॥ श्रीपतुंगविषयाधिपतिमहासामन्त श्रीमद्रहस्यदीवस्य प्रवर्तमानकाले-। श्रीयखरप-श्चिछमटोलकाधिवाशिन-। मीभिर्भुंगु भावो हर्षवयि स्त्रीपुरुष उभयकेन् श्रीहाँणटेश्वर भटारकस्य-। चछत्रके, उमामहेश्वर बालचक्रः प्रवत ०॥ द्धर्मकाममोक्षार्थेन ढोकितमिति ॥ ॥०॥

[प्राप्तिस्थान—ललितपुर पूर्णचण्डी महाद्योतनी स्थित ऐं श्वर्यधर राजोपाध्यायको संकलनमा रहेको ताम्रपत्र

मिति— संवत् २८२ मार्गशिरशुक्ल पूर्णमास्या रोहिन्याङ्गारदिने

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—(१) राजाधिराज परमेश्वर परमभटारक श्री नेपालाधिपति श्री मदानन्ददेव

(२) श्री पनुंगविषया-
धिपति महासा-
मन्त श्री भद्र
हस्यादीव (३)
मीभिङ्गु भावो
(४) हर्षवधि

प्रशासनिक पद—महासामन्त

अड्डा—+

ताम्रपत्र राख्नेको उद्देश्य—धर्म, अर्थ, काम तथा मोक्षको कामनाले

ताम्रपत्र राख्नेको नाम—मीभिङ्ग भावो र हर्षवधि

महानात्माहरूको समेत देवताहरूको नाम—(१) श्री झाएटेश्वर भट्टारक (२) उमामहेश्वर (३) बालचक्र (बालचन्द्र)

विहार, मन्दिरको नाम—श्री झाएटेश्वर भटारकस्य च्छत्रक (मन्दिर)

कुलमा प्रकाशित—M. R. Pant & A. D. Sharma, The Two Earliest Copper Plate Inscnptions from, Nepal, in Nepal Research Centre Miscellaneous Papers, No. 12, Nepal Research Centre, Kathmandu, July 1977, P. 28.

ताम्रपत्रको शिर्षचिन्ह—+

स्थान-(१) श्री नेपाल (२) श्री पनुंग (३) श्री यखर पश्चिछम टोल

संक्षिप्त विवरण— राजाधिराज परमेश्वर परमभट्टारक श्री नेपालाधिपति श्री मदानन्ददेवको विजयराजमा श्री पनुंग विषयाधिपति महासामन्त श्री मद्रहस्यदीवको प्रवर्तमान समय श्री यखर पश्चिछमटोल बस्ने मीभिङ्गु भावो र हर्षवधि नामका दुईजना स्त्री पुरुषले श्री झाएटेश्वर भट्टारकको मन्दिरमा बालचक्र (बालचन्द्र) को आकृतियुक्त उमामहेश्वरको मूर्ति धर्म, अर्थ, काम, मोक्ष (चतु, पुरुषार्थ) को लागि प्रतिष्ठापन गरेको बुरा प्रस्तुत ताम्रपत्रमा वर्णित छ।

कैफियत—महादेवको शिरमा बालचन्द्र अवस्थित हुने हुँदा प्रस्तुत अभिलेखमा उत्कीर्ण बालचक्रले बालचन्द्रलाई नै इङ्गित गरेको हो भन्ने लाग्दछ।]

अभिलेख नं. १६

ॐ स्वस्ति ॥ क्षीरोदाम्बुनिधौ विधाय रभसात् क्षुब्धं गिरिं मन्दरं
संभूता कमलालया प्रमथिते देवासुरैर्विश्वतः
संवीक्ष्य स्वधिया विचिन्त्य च मुहुर्देवेषु सर्वात्मना
श्रेष्ठोसाविति यं गता स जगतां कुर्याच्छुभं माधवः ।
यः पारिजाततरुमानयति स्म भर्तुर्लदमीपतेरसुरकानन
धूमकेतोः
कर्त्तुं प्रमोदमवमत्य समस्तदेवान् देयाच्छुभं स जगतां
विनतातनूजः ।
पृथ्वीं नृपे सकललोकहृदंडुहंसे युक्त्या प्रशासति रिपुद्विप-
केशरीन्द्रे ।
वित्ते गुणैर्जगति चंद्रकलावदातैः श्रयानन्ददेव इति सूर्यकुल-
प्रदीपे ।।
नत्वा सज्जनचित्तकैरवविधोः सम्पद्दयाशालिनः
श्रीमद्रामुनिसंज्ञितस्य विहिता पुत्रेण पुण्यात्मनः।
अच्चर्चा श्रीपतिमाधवस्य परया सम्प्राप्तुमुच्चैः पदं
भक्त्या श्रीगरुडस्य शंकर इति ख्यातेन भूमण्डले ।
पत्न्या सहानिन्द्यचरित्रवत्या कलंकहीनोडुपबिम्ब कान्तं
वक्त्रं दधत्या हृदयं क्षिपन्त्या निरुत्तरे श्रेयसि तेजलदम्या ॥
समाशतद्वये प्राप्ते वसुवन्हिसमायुते । कृष्णाष्टम्यां कृता ज्येष्ठे
प्रशस्तिः सोमवासरे ।
विद्वत्तोदयचन्द्रेण सेवायै कमलापतेः । पूजितो वाक्यपुष्पेण मुद-
मेति हि केशवः॥

[प्राप्तिस्थान—भक्तपुर तौमढी टोलको अभिलेख
मिति—समाशतद्वये प्राप्ते वसुवन्हि समायुते (=२८७)
कृष्णाष्टम्यां कृता ज्येष्ठे प्रशस्तिः सोमवासरे ।

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—(१) श्रयानन्द-देव (२) श्री मद्रा-मुनि (३) शङ्कर (४) तेजलक्ष्मी (५) विद्वतोदयचन्द्र

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—विष्णुलोक प्राप्तिको कामना

शिलापत्र राख्नेको नाम—(१) शङ्कर (२) उदयचन्द्र

महानात्माहरूको समेत देवताहरूको नाम—(१) माधव (२) लक्ष्मी (३) धूम्रकेतु (४) विनता तनूज (५) श्रीगरुड (६) कमलापति (७) केशव

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य— हिन्दू (वैष्णव)

कुनमा प्रकाशित—संशोधन मण्डलद्वारा प्रकाशित अभिलेख संग्रह, दोश्रो भाग, पृ. १०-११

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—सूर्यकूलका बत्ति जस्ता भएका श्री आनन्ददेव राजाको राजत्वकालमा श्री मद्रामुनि छोरा शङ्कर नामका पुण्यात्मा व्यक्तिले विनता पुत्र श्रीगरुडको पूजा सत्कार गरेको औ विद्वान् उदयचन्द्रले कमलापति श्री केशवको वाक्यरूपी फूल-ले पूजा गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।

कैफियत— प्रस्तुत अभिलेखको अध्ययनबाट उपर्युक्त समय समुद्र मन्थनबाट लक्ष्मीको प्रादुर्भाव भई तिनीले विष्णुलाई वरण गरेको औ सत्यभामाको आग्रह-लाई तार्न नसकेर श्रीकृष्णले स्वर्गको पारिजात वृक्ष गरुडद्वारा उखेल्न लगाउनुको साथै सो पारिजात वृक्षको लागि देवताहरू र गरुडको बीच ठूलो लडाई भई अन्त्यमा देवताहरूको पराजय भएको जस्ता पौराणिक उपाख्यान-हरूको उपर्युक्त समय यहाँ प्रचूर मात्रामा प्रचार भएको कुरा विदित हुन्छ ।]

अभिलेख नं. १७

सम्वत् २८८ फाल्गुणकृष्णाष्टम्यां·····

कादि म····· रुद्रदेवस्य विजयराज्ये मेतम्

····· ····· पुनर्जन्म हेतोः

मातापितापुत्रादिदिवङ्गता । सत्वान् तेषाम् नरकादि दुः-खोपशान्तये संप्रदत्तामिति

[प्राप्तिस्थान—वज्रयोगिनीस्थित ढुङ्गे धाराको अभिलेख

मिति—संवत् २८८ फाल्गुण कृष्णाष्टम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत— रुद्रदेव

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—दिवङ्गतहरू तथा प्राणीहरू-लाई नरक आदि दुःखहरू-बाट उपशान्तिको लागि

शिलापत्र राख्नेको नाम—+

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—+

कुनमा प्रकाशित—अभिलेख संग्रह, दोस्रो भाग, पृ. १२.

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—नरक

संक्षिप्त विवरण—श्री रुद्रदेवको विजयराज्यमा माता, पिता तथा पुत्र आदि दिवङ्गतहरू औ प्राणी-हरूलाई नरक आदि दुःखहरूबाट उप-शान्तिको लागि (पानी आउने ढुङ्गे—

धारा) प्रदान गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।

कैफियत— ढुङ्गे धाराको मुखमै कुँदिएको यो अभिलेखको प्रासीले साँघु वज्रयोगीनस्थित तीनवटा ढुङ्गे धाराहरूको निर्माण श्री रुद्रदेवको राज्यकालमा भएको कुरा सुनिश्चित छ ।
अर्को, यो अभिलेख धारोको मुखमै उत्कीर्ण गरिएको हुँदा ढुङ्गे धाराको प्रामाणिक इतिहास थाहा लिनुमा ठूलो सहायक भएको छ। ढुङ्गे धाराको डुँडमै उत्कीर्ण अभिलेखहरूमा उत्तर प्राचीनकालीन ललितपुर मङ्गल बजारको ब्राह्मीको चौठो प्रकारको लिपीमा उत्कीर्ण संवत् १७० को अभिलेख सर्वप्राचीन मानिन्छ ।]

अभिलेख नं. १८

ॐ सम्वत् २९१ कार्तिकशुक्लाष्टम्याम् राजाधिराज परमेश्वर राज्ये श्रीरुद्रदेवस्य जगदानन्दकारिणः । अष्टम्यां कार्तिके शुक्ले प्रतिष्ठादिविधानतः ॥

[प्राप्तिस्थान—कुम्भेश्वरको अभिलेख

मिति—ॐ संवत् २९१ कार्तिक शुक्लाष्टम्यम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत— राजाधिराज परमेश्वर श्री रुद्रदेव

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—+

शिलापत्र राख्नेको नाम—+

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—+

कुनमा प्रकाशित—संशोधन मण्डलद्वारा प्रकाशित "अभिलेख संग्रह" दोस्रो भाग

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—राजाधिराज परमेश्वर श्री रुद्रदेवको जगत्लाई आनन्द प्रदान गर्ने राज्यमा प्रतिष्ठा विधान गरिएको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ.।

कैफियत—प्रस्तुत अभिलेखको अध्ययनबाट राजाधिराज परमेश्वर श्री रुद्रदेवको राजत्वकालमा देशमा अमनचैन कायम भएको कुरा प्रकटित हुन्छ ।]

अभिलेख नं. १९

सम्वत् २९१ ज्येष्ठ पूर्णिम्यां श्री राजाधिराज रुद्रदेव विजयराजे ॥·····

श्रीदेव ·····जे ·प्रवनेन ··वं ···धी शुभ ·

[प्राप्तिस्थान—काठमाडौं स्थित लायकु टोलको जलद्रोणीको अभिलेख

मिति—संवत् २९१ ज्येष्ठ पूर्णिम्यां

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—श्री राजाधिराजरुद्रदेव

पशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—+

शिलापत्र राख्नेको नाम—+

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

धर्म धार्मिक कार्य—+

कुनमा प्रकाशित—Dr. D. R. Regmi, Medieval Nepal, Part III, P. 8.

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—श्री राजाधिराज रुद्रदेवको विजय राजमा भन्ने कुरा अभिलेखमा वर्णित छ ।

कैफियत—+]

अभिलेख नं. २०

ॐ अब्दे याति भुजग्रहाक्षिगुणिते मासे तथा कार्तिके
रुद्राह्वे नृपतौ च शासति भुवं चन्द्रो जयाद्यः सुधीः ।
पार्श्वे पट्टिकया सहामलजलद्रोणीमिमां दत्तवान्
मार्गोन्मार्जनगोष्ठिकासु निहितं क्षेत्रञ्च तृरोपणम् ॥
तत्पट्टिकापटलाच्छादनाय च शिवकाचतुष्टयम् ।

[प्राप्तिस्थान—ल.पु. गाबहाल स्थित वलटोलको अभिलेख

मिति—ॐ अब्दे याति भुजग्रहाक्षि गुणिते (=२९२) मासे तथा कार्तिके

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—(१) राजा रुद्र[देव] (२) जयचन्द्र

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—+

शिलापत्र राख्नेको नाम—जयचन्द्र

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—+

कुनमा प्रकाशित—संशोधन मण्डलद्वारा प्रकाशित "अभिलेख संग्रह" दोश्रो भाग

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—रुद्र नामक राजाको राजत्वकालमा जयचन्द्र नामका बुद्धिमान व्यक्तिले दायाँ बायाँ पेटियुक्त जलद्रोणी बनाउनुको साथै बाटो सफा गर्न गठित गोष्ठीको लागि तीन रोपनी खेत प्रदान गर्नुको अतिरिक्त ती पेटीहरूको छादनको समेत प्रबन्ध गर्न चार शिवका प्रदान गरेको कुरा अभिलेखमा वर्णित छ ।

कैफियत—प्रस्तुत अभिलेखको अध्ययनबाट तत्समय नगर एवं ग्रामका बाटोहरूको सफा सुग्घरको लागि गोष्ठीहरूको निर्माण गरिन्थ्यो भन्ने कुरा विदित हुन्छ । यस भन्दा अगाडि उत्तर प्राचीनकालमा बाटो सफा गर्ने गोष्ठीहरूको गठन गरिएको थिएन । यद्यपि त्यस समय बाटो सफा गर्ने व्यक्तिहरूको नियुक्तिको व्यवस्था अवश्य थियो । उत्तर प्राचीनकालीन संवत् ३० को हाडीगाउँको अभिलेखमा सम्मार्जयित्रीको उल्लेख आएबाट उक्त कुरोको पुष्टि हुन्छ ।

प्रस्तुत अभिलेखमा मार्ग सफा गर्न गठित गोष्ठीको लागि खेत प्रदान गर्दा निहितं क्षेत्रञ्च तृरोपणम् भनी उल्लेख गरिएबाट जग्गाको परिमाण लाई बुझाउन रोपनी शब्दको प्रयोग उपर्युक्त समयमै भइसकेको कुरा जानिन्छ ।]

अभिलेख नं. २१

सम्वत् २९२ जैष्ठपूर्णिम्यां श्रीराजाधिराजरुद्रदेवविजयराज्ये ॥०॥
.....नेन सर्वजन्तु सुखी भवतु ॥

[प्राप्तिस्थान—काठमाडौं ब्रह्मटोलको अभिलेख

मिति—संवत् २९२ जैष्ठ पूर्णिम्यां

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—श्री राजाधिराज रुद्रदेव

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—सबै जन्तुको सुखको कामना

शिलापत्र राख्नेको नाम—+

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—+

कुनमा प्रकाशित—संशोधन मण्डलद्वारा प्रकाशित "अभिलेख संग्रह" नवाँ भाग

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—श्री राजाधिराज रुद्रदेवको विजयराज्यमा सबैको सुखको कामना साथ (जलद्रोणी निर्माण गरिएको कुरा) प्रस्तुत अभिलेखमा वर्णित छ।

कैफियत—मनुष्य समेत सबै प्राणीलाई बुझाउने गरी सर्वजन्तु शब्दको प्रयोग प्रस्तुत अभिलेखमा गरिएको पाइएबाट मनुष्य एक प्रकारले सामाजिक पशु हो भन्ने आधुनिक कालका विद्वानहरूको धारणाको प्रारूप प्राचीनकालदेखि नै हुँदै आएको कुराको पत्तो हुन्छ। भगवान् शिवलाई पशुपति एवं भूतपतिको संज्ञा दिइएकोलाई पनि यहाँ यस सन्दर्भमा लिन सकिन्छ।]

अभिलेख नं. २२

सम्वत् आ ह (२९५) वैशाख शुक्ल तृतीयायां। राजा(धि)-राज श्री अमृतदेवस्य विजयराज्ये। श्रीपति मृगस्थल्या विजैकर्त्तिभारी। दिवंगत पुत्र जैद्रथजीवस्य उभेजन जलद्रोणि दानकृता। तस्य स्वर्गत्व ब्रह्मत्व विष्णुत्व रुद्रत्व संप्राप्तये तेनदानपुनेन मात्रा सुखी भवतु शुभमिति।

[प्राप्तिस्थान—भक्तपुर खौमाटोल स्थित जलद्रोणीको अभिलेख

मिति—संवत् आ ह (२९५) वैशाख शुक्ल तृतीयायां।

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—

१) राजाधिराज श्री अमृतदेव
२) विजैकर्त्तिभारी
३) जैद्रथजीव

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—दिवंगत पुत्र जैद्रथजीवको स्वर्गत्व ब्रह्मत्व विष्णुत्व रुद्रत्व प्राप्ति तथा आमा सुखी हुन् भन्ने कामना

शिलापत्र राख्नेको नाम—विजैकर्त्तिभारी

महानात्माहरूको समेत देवताहरूको नाम—(१) श्रीपति (२) ब्रह्मा (३) विष्णु (४) रुद्र

विहार, मन्दिरको नाम—+

कुनमा प्रकाशित—Dr. D. R. Regmi, Medieval Nepal, Part III, P. 9

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—मृगस्थली

संक्षिप्त विवरण—राजाधिराज श्री अमृतदेवको विजयराज्यमा श्रीपति (महादेव)को मृगस्थलीमा बस्ने विजैकर्त्तिभारी नामका व्यक्तिले आफ्ना दिवंगत पुत्र जैद्रथजीवको स्वर्गत्व ब्रह्मत्व, विष्णुत्व, रुद्रत्व प्राप्तिको लागि जलद्रोणी दान गरी त्यसको पुण्यले आमा सुखी हुन् भन्ने कामना गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ।

कैफियत—प्रस्तुत अभिलेखको अध्ययनबाट श्रीपति भन्नाले विष्णुलाई मात्र बुझाउने नभई त्यसले महादेवलाई पनि बुझाउने यथार्थतालाई स्पष्टचाएको छ।

संवत् २९५ मार्ग महिनासम्म श्री रुद्रदेव नेपालको राज्यासनमा अवस्थित रहेको कुरा भगवत्या प्रज्ञापारमिताया: रत्नगुणसञ्चयगाथा नामक ग्रन्थको पुष्पिकामा महाराजाधिराज श्री रुद्रदेवस्य राज्ये संवत् २९५ अग्रहण पूर्णमास्यां आदित्यदिने भनी उल्लेख गरिएको पाइएबाट विदित हुन आएको छ। जसको आधारमा राजाधिराज श्री अमृतदेव उपर्युक्त सालको पौष-देखि चैत्र महिनाको बीच कुनै समय राज्यासनमा अवस्थित भएको देखिन्छ।]

अभिलेख नं. २३

ॐ स्वस्ति । ऋतुग्रहसमायुक्ते सम्वत्सरशतद्वये ।
ज्येष्ठमासासिताष्टम्यां राज्ये श्रीमृतभूपतेः॥
भ्रातुर्विजयदेवस्य स्वर्ग्गसम्प्राप्तिहेतवे ।
श्रीविशाखादिदेवेन जनन्या मधुकश्रियः॥
आज्ञां स्वजभिवाधाय मूर्ध्ना दोलाचलस्थितेः।
कृष्णस्य विधिवद्भक्तया विष्णोरर्चा निवेदिता ॥
पुण्येनानेन लोकोयं सुखी भवतु सर्व्वदा ।
परार्थकरणायैव प्रवृत्तिर्हि महानाम् ॥

[प्राप्तिस्थान—चाङ्गुको अभिलेख

मिति—ऋतुग्रहसमायुक्ते सम्वत्सरशतद्वये (= २९६) ज्येष्ठमासासिताष्टम्यां

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—
(१) श्री अमृत भूपति
(२) विजयदेव
(३) श्री विशाखादिदेव
(४) मधुकश्री

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—आफ्ना भाइ विजयदेवको स्वर्ग सम्प्राप्ति तथा लोकको कल्याण कामना

शिलापत्र राख्नेको नाम—श्री विशाखादिदेव

महानात्माहरूको समेत देवताहरूको नाम— (१) कृष्ण
(२) विष्णु

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—हिन्दू

कुनमा प्रकाशित—संशोधन मण्डलद्वारा प्रकाशित "अभिलेख संग्रह", दोश्रो भाग

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—दोलाचल

संक्षिप्त विवरण—उपर्युक्त समय राजा श्री अमृतदेवको राज्यकालमा श्री विशाखादिदेवले आफ्ना भाइ विजयदेवको स्वर्ग सम्प्राप्तिको लागि आफ्नी आमा मधुकश्रीको आज्ञालाई शिरोधार्य गरी दोलाचलस्थित भगवान् श्रीकृष्णलाई विधिपूर्वक पूजा समर्पण गरी सो पुण्यले सदा लोकको कल्याण कामना गरिएको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।

कैफियत—उत्तर प्राचीनकालको प्रारम्भिक समयदेखि नै वैष्णव मतको प्रचार रहेको थियो । गोपाल वंशावलीमा राजा श्री हरिदत्त वर्म्माले लिच्छवि राजा श्री मानदेवको अभ्यूदय हुनु भन्दा पहिले नेपालको चार पर्वत शिखरमा चार नारायणको स्थापना गरेको कुरा वर्णित हुनु औ पाँचौं शताब्दी ई. का राजा श्री मानदेवले चाङ्गुनारायणको मन्दिर अगाडि विजयस्तम्भ राखेको कुरा सोही स्तम्भमा उत्कीर्ण अभिलेखले दर्शाएबाट उक्त कुरोको पुष्टि हुन्छ । वैष्णव धर्मको साथसाथै यहाँ वैष्णव धर्मको अर्को रूप वासुदेव अर्थात् भागवत धर्मको पनि प्रचार रहेको थियो । उत्तर प्राचीनकालीन संवत् ४९५ को ल०पु० सिकुवहिलको अभिलेखमा "परमभागवतस्य देशवर्म्मनाम्नो .. ..."भनी उत्कीर्ण गरिएको पाइनुको साथै संवत् ५१२ को विष्णुपादुका फेदीको लेखमा वासुदेवको स्तोत्र उल्लेख गरिएको पाइएबाट उपर्युक्त कुरोको पुष्टिमा ठूलो सघाऊ पुग्याएको छ । सर्वशक्तिमान् देवता मानिएका भगवान् श्रीकृष्णको लीलालाई प्रकटित गर्ने कालीयदमनको एक सुन्दर मूर्ति हनुमान् ढोकामित्र प्रतिष्ठापित गरिएकोलाई यहाँ यसै सन्दर्भमा लिन सकिन्छ ।

उत्तर प्राचीनकाल पछि मध्यकालमा पनि भागवत धर्मको प्रचार रहेको थियो । मध्यकालमा भागवत धर्मको पञ्चरात्र सिद्धान्तको प्रचार रहेको कुरा ने०सं० १४७ को पञ्चरात्र ग्रन्थको प्राप्तिले विदित हुन आएको छ । नारी आकृतिहरूबाट मात्र निर्मित घोडाको पिठ्यूंमा बसी घोडचढीको आसन ग्रहण गरेको

देखाइएको भगवान् श्रीकृष्णको कामविजयी स्वरूपको बाह्रौं शताब्दी ई० को एक चित्र पनि पाइएको छ। ने०सं० ३२० को इचङ्गुको एक अभिलेखमा नारायण मन्दिरको द्वारमा दुई वटा सिंहका आकृतिहरू निर्माण गरिएको कुरा वर्णित छ। उपर्युक्त तथ्यहरूको परिप्रेक्षमा प्रस्तुत अभिलेखलाई लिन सकिन्छ। प्रस्तुत अभिलेखको प्राप्तिले उपर्युक्त समय वासुदेव अर्थात् भागवत मतको यहाँ प्रचार रहेको कुरा स्पष्ट रूपले जानिन्छ।]

अभिलेख नं.२४

राज्ये श्रीगुणकामदेव नृपतेस्समोतार त्रिशते.....
मानिगोलके सुरालय कृतस्तच्छ्रीधरौयात्मनः।.....
पित्त्रोबन्दगुरोश्च भक्त जगतां स्वर्गापवर्गा..

[प्राप्तिस्थान—ललितपुर क्वाबहाल समीपस्थ मन्दिरमा प्रतिष्ठापित उमामहेश्वर मूर्तिको पादपीठ लेख

मिति—समोतार त्रिशते

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—
श्री गुणकामदेव नृप

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नेको उद्देश्य—मातापिता, गुरु तथा संसारका भक्तजनहरूको स्वर्ग प्राप्तिको कामना लिई

शिलापत्र राख्नेको नाम—+

महानात्माहरूको समेत देवताहरूको नाम—श्रीधर

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—हिन्दू

कुनमा प्रकाशित—Dr. D. R. Regmi, Medieval Nepal, Part, III, P. 9

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—मानिगोल

संक्षिप्त विवरण—राजा श्री गुणकामदेवको राज्यमा मातापिता, गुरु तथा भक्तजनहरूको स्वर्ग प्राप्ति होस् भन्ने कामना लिई मानिगोलको मन्दिरमा श्रीधर भगवान्को मूर्ति प्रतिष्ठापन गरिएको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ।

कैफियत—भगवान् विष्णुका विभिन्न नामहरू मध्ये श्रीधर पनि एक रहेको छ। विष्णुका चौवीस अवतारहरूको नाम क्रममा श्रीधर नाम पनि एक भएको पाइएबाट उक्त कुरोको पुष्टि हुन्छ। विष्णुका चौवीस अवतारका नाम निम्न लिखितानुसार छन्—(१) केशव (२) नारायण (३) माधव (४) गोविन्द (५) विष्णु (६) मधुसूदन (७) त्रिविक्रम (८) वामन (९) श्रीधर (१०) हृषीकेश (११) पद्मनाभ (१२) दामोदर (१३) संकर्षण (१४) वासुदेव (१५) प्रद्युम्न (१६) अनिरुद्र (१७) पुरुषोत्तम (१८) अधोक्षज (१९) नरसिंह (२०) अच्युत (२१) जनार्दन (२२) उपेन्द्र (२३) हरि (२४) श्रीकृष्ण। यद्यपि उपर्युक्त विष्णुका २४ अवतारहरूको नाम क्रममा श्रीधरको नाम पनि पाइएको छ तापनि उमा महेश्वरको मूर्ति प्रतिष्ठापित प्रस्तुत पादपीठ लेखमा श्रीधरको मूर्ति प्रतिष्ठापन गरिएको कुरा वर्णित भएबाट श्रीधर भन्नाले विष्णुको साथै भगवान् शिवलाई पनि बुझाउने कुराको पत्तो हुन्छ।]

अभिलेख नं. २५

ॐ सम्वच्छरयुगे जाते चन्द्रव(न्हि)समन्विते।
वैशाखशुक्ले रोहिण्यां तृतीयायां गुरोर्दिने॥
राज्ये श्रीयानन्ददेवस्य..।
श्रीमद्देवधरचन्द्रेण जलद्रोणी प्रकल्पिता॥
तस्मिन् दिवंगते(देवा)तस्य पुत्रेण श्रेयस्ते।
श्रीदिवाकरचन्द्रेण विहितेयं प्रणालिका॥

[प्राप्तिस्थान—ललितपुर वटुक भैरवको जलद्रोणीको अभिलेख

मिति—ॐ सम्वच्छर युगे जाते चन्द्रव(न्हि) समन्विते वैशाख शुक्ले रोहिण्यां तृतीयायां गुरोर्दिने (संवत् ३१४)

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—

(१) श्री आनन्ददेव
(२) श्री मद्देवधरचन्द्र
(३) श्री दिवाकरचन्द्र

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—पिताको मनोरथ पूरा गर्ने

शिलापत्र राख्नेको नाम—श्री दिवाकरचन्द्र

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—+

कुनमा प्रकाशित—संशोधन मण्डलद्वारा प्रकाशित "अभिलेख संग्रह" दोश्रो भाग

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—श्री आनन्ददेवको राज्यकालमा श्री मद्देवधरचन्द्रको जलद्रोणी प्रतिष्ठापन गर्ने मनोरथ पूरा नहुँदै मृत्यु भएको हुँदा तिनका पुत्र श्री दिवाकरचन्द्रले प्रणालीका निर्माण गरेको बुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।

कैफियत—प्रस्तुत जलद्रोणीमा कुँदिएको अभिलेखको प्राप्ति भएबाट पिताको इच्छा पूरा गर्नु छोराको कर्त्तव्य भएको कुरा जानिनुको साथै प्रणालीका शब्दले जलद्रोणीलाई पनि बुझाएको कुरा विदित हुन्छ ।]

अभिलेख नं. २६

..... नयभ ..... थमिन्धयो ..... गादयव
..... बात्स ..... खिविक ..... क्षयविच्चिसत्ता
..... दुःसा ..... श्रीनृसिंहः। शश्वद्दुःखक्षतानाम्प्रभ
— ..... रि धराय ..... धरणीनुद्धरन्नागधाम्नः । दत्ता-
..... त्रिभिरहं वि-मनश्रीपर ..... नाभिलषितबोऽप्रमे
..... विरथपरश्रीजृम्भ ..... वासः .....
..... न्नुपमिति ..... रणकरस्तस्य तीरत्म-
..... आसीःसुतोस्य स रसायनसो—
..... धर्मरती विलो
..... तस्य सुतोऽ
... — — .. यज ..... ययता ॥
..... दत्तव ..... आत्मनापि—मलायति ...
..... कन्धराहार ..... सुतोस्य पुरुषोत्तमसोमसर्मा यस्य-तिः ...
..... गृह्यत ... यस्त्यविरतम्प्रमदावरश्रीश्च । ये वयञ्चोभ ...
..... तामृत श्रीः । दुःख प्रकृतिर्जलैकवसतिर्नित्यप्रशस्त्राकृतिः पुन्य ...
..... गतिः प्रोल्लाससत्तन्ततिः । रागाद्यन्तकमूर्तिरुत्ताम— कृतिर्मे .....
दिरागायतिः । षट्कर्माभिरतिस्त्रिविक्रममतिर्नैपुण्यसत्पद्धतिः । श्रीमत्पश्चि—
(मप)र्वतेन्द्रशिखरप्रासादवेदीलसद्द्वारे श्रीहरिदत्तभूपतिकृ- तन्नाराय—
..... स्त्युभौ सिंहौ चक्रकम्बुकन्धरकलालङ्कारकान्तौ शिवौ ताम्राङ्गा-
(विह)ढौकितौ जगदघध्वन्साय तेनानघौ ॥ मम सुकृतबलेनानेन नन्दन्तु
..... हरिवपुषि लयन्ते प्राप्नवन्तु प्रकामम् । पितृभिरथ जनन्या साद्धं मन्ते
..... स्मत्थितर इतिप्रमन्तात्प्रार्थनाङ्कुर्वतोच्चैः आकाश- नयनदहने या
(ते ने) पालवत्सरे राज्ये । माघसितशौरिदिवसे राज्ञः श्री- विजयकामदेवस्य

.....लसत्पदसुवर्णवतीम्प्रशर्ति सार्थामिमाहिम महीमिव माधवेन । स

..... कलौ दिवि सत्कृतां श्रीदामोदरेण विबुधा मुदमाप्नु-वन्तु ॥ ॥

[प्राप्तिस्थान—इचंगुको अभिलेख

मिति—संवत् ३२० (आकाशनयनदहने याते नेपालवत्सरे माधसितशौरि दिवसे)

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—
(१) श्री हरिदत्त भूपति
(२) राज्ञः श्री विजयकामदेव
(३) पुरुषोत्तम शर्म्मा
(४) श्री दामोदर विबुध

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—आफ्ना माता सहित पितृहरू भगवानको देहमा लीन भएर मुक्त होउन्

शिलापत्र राख्नेको नाम—श्री दामोदर विबुध

महानात्माहरूको समेत देवताहरूको नाम—(१) नृसिंह (२) त्रिविक्रम (३) माधव

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—वैष्णव धर्म

कुनमा प्रकाशित—संशोधन मण्डलद्वारा प्रकाशित "अभिलेख संग्रह" नवाँ भाग

शिलापत्रको शिर्षचिन्ह—+

लिपि—

स्थान— श्री मत्पश्चिमपर्वतेन्द्र शिखर

संक्षिप्त विवरण—श्री हरिदत्त भन्ने राजाद्वारा निर्मित (मन्दिर) को मूल द्वारमा शंख चक्रको अलङ्कारले घाँटी सजाइएकाले सुन्दर र कल्याणकारी देखिएका लालरंगका पाप-लाई नाश गर्ने दुई वटा सिंह द्वारपाल जस्तो गरेर षट्कर्ममा प्रीति राख्ने, त्रि-विक्रमका भक्त तथा सन्मार्गमा निपूणताः प्राप्त गरेका श्री दामोदर भन्ने विद्वान व्यक्तिले आफ्ना माता सहित पितृहरू भगवान्‌को देहमा लीन भएर मुक्त होउन् भन्ने प्रार्थना सहित राजा श्री विजयकाम देवले भगवान् विष्णु (माधव)ले पृथ्वीलाई उद्धार गरे जस्तै गरी राज्य गरिरहेको बेला स्थापना गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।

कैफियत—प्रस्तुत अभिलेखमा राजा श्री हरिदत्तद्वारा श्री-मत्पश्चिम पर्वतेन्द्रको शिखरमा निर्मित (मन्दिर) भनी वर्णन गरिएबाट नेपाल उपत्यकाका चार पर्वत शिखरहरूमा चार नारायणको स्थापना श्री हरिदत्त वर्म्मा नामका राजाले गरेका थिए भन्ने गोपाल वंशावलीको कथनलाई पुष्टि मिलेको लागेको छ ।

अर्को, मन्दिरहरूको द्वारमा द्वारपाल जस्तो गरी दुई वटा सिंहहरू राखिने परम्पराको आशय तो मन्दिर क्षेत्रमा कुनै किसिमका दुष्ट प्रवृत्तिले प्रवेश नपाउन् र दर्शनार्थीहरूको पाप पनि नाश होस् भन्ने उद्देश्य राखेको स्पष्ट तथा दृष्टिगोचर हुन्छ ।

फेरि, भगवान् विष्णुले पृथ्वीलाई उद्धार गरे जस्तै राजा श्री विजयकामदेव-ले पृथ्वीलाई रक्षा गरिरहेको समयमा भनी उल्लेख गरिएबाट विष्णुले त्रिविक्रम आदि विभिन्न अवतारहरू लिई पृथ्वीको रक्षा गरेका अनुश्रुतिहरूको तत्समय प्रचार रहेको कुरा जानिनुको साथै राजालाई विष्णुका अवतारको रूपमा पछि मानिन लागेको तथ्यको पूर्वाभास मिल्दछ ।]

अभिलेख नं. २७

ॐ श्रेयोस्तु ॥ सम्वत् ३५३ कार्तिक कृष्ण राज्ञः श्रीअ्य-भयमल्लदेवस्य

विजयराज्ये ॥ श्री सूतीगल जल कुंलझ्र युक्त मुहान लस···स्यनक·····युते प्रमुडा चितन जुया·····जलं ल्होडा बुरो शुभमस्तु

जगताम्

[प्राप्तिस्थान—ल.पु. मोतीटारको अभिलेख

मिति—संवत् ३५३ कार्तिक कृष्ण

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—
राज्ञः श्री श्र्यभयमल्लदेव

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—जगतको कल्याण

शिलापत्र राख्नेको नाम—+

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—+

कुनमा प्रकाशित—"अभिलेख संग्रह" दोस्रो भाग, पृ. १४

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—सूतीगल

संक्षिप्त विवरण—राजा श्री अभयमल्लदेवको विजयराज्यमा श्री सूतीगलस्थित जलद्रोणी जिर्णोद्धार गरिएको कुरा अभिलेखमा वर्णित छ ।

कैफियत—प्रस्तुत अभिलेख नेपाल भाषामा उत्कीर्ण छ । यसर्थ यस अभिलेखको प्राप्तिले उपर्युक्त समयको नेपाल भाषाको अध्ययनमा ठूलो सघाऊ पुऱ्याएको छ ।]

अभिलेख नं. २८

सम्वत् ३६२ कार्तिक शुदि १ श्री सरजीव भारोस दानपति

[प्राप्तिस्थान—ललितपुर टेटा स्तूप निरको जलद्रोणीको अभिलेख

मिति—संवत् ३६२ कार्तिक शुदि १

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—श्री सरजीव भारो

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—+

शिलापत्र राख्नेको नाम—श्री सरजीव भारो

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—+

कुनमा प्रकाशित—हेमराज शाक्य, मेदिएवल नेपाल, १९७० पृ. ५८

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—श्री सरजीव भारो नामक व्यक्तिले जलद्रोणी स्थापना गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।

कैफियत—प्रस्तुत अभिलेख नेपाल भाषाको छ ।]

अभिलेख नं. २९

..... रकाणां देय धर्म्मोऽयं प्रम (परम) महायायिनी
श्रीचंद्रभ (व)..... महापण्डित श्री श्री वि (भ्रत्) चंद-
पाल .. (पर)-
मोपासिकी भिक्षुणी श्रीमलयश्रीरीनाम्नाया यदत्र
पुण्य तत् भवत्वाचार्योपाध्याय मातापितृ पूर्वंगमं
कृत्वा.....
.....॥ श्रे योऽस्तु ॥ सम्वत् ३६८ माघकृष्ण नवम्यां
तिथौ ॥ राजाधिराज परमेश्वर परमभट्टारक श्री श्री—
अभयमल्ल

[प्राप्तिस्थान—ललितपुर गुइत बहीको ठूलो चैत्यमा प्रतिष्ठापित रत्नसम्भवको पादपीठ लेख

मिति—संवत् ३६८ माघकृष्ण नवम्यां तिथौ ॥

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—
(१) राजाधिराज परमेश्वर परमभट्टारक श्री श्री अभयमल्ल

(२) प्रम [परम] महायायिनी श्री चंद्रभव
(३) महापण्डित श्री श्री विभ्रत चन्द्रपाल
(४) परमोपासिकी भिक्षुजी श्री मलयश्री

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—गुरु, पुरोहित र आमाबाबुको उद्धारको लागि

शिलापत्र राख्नेको नाम—(१) श्री चंद्रभव (२) चन्द्रपाल (३) श्री मलयश्री

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

कुनमा प्रकाशित—Dr. D. R. Regmi Medieval Nepal, Part III, P. 12.

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—राजाधिराज परमेश्वर परमभट्टारक श्री श्री अभयमल्लको राजत्वकालमा प्रम (परम) महायायिनी श्री चंद्रभव, महापण्डित श्री श्री विभ्रत् चन्द्रपाल परमोपासिकी भिक्षुणी श्री मलयश्रीको स्मृतिमा गुरु, पुरोहित र आमाबाबुको उद्धारको लागि कुनै दान पुण्य (सम्भवतः रत्नसम्भवको मूर्ति प्रतिष्ठापन कार्य) गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।

कैफियत—+]

अभिलेख नं. ३०

ॐ नमः ॥ शूर्याय मोहांधकारमग्नानाम् जनाणां ज्ञानरश्मभि कृतमूधरनं जेन तन्नमामि शिवभास्करम् ॥

सम्वत् ३८१ पौषशुक्लदिनाअष्टम्याम् श्री श्री परमेश्वर परम श्री श्री भीमदेवस्य विजयराज्ये: । श्रीफनपिंगविषयाधिपति-महा-सामन्तश्रीजेतरामजीवस्य नगरेतिः॥ थविलिटोलकाविवाशी यमभलछां दानपति अजशीहकेन कृत भवतिः॥ देवातिः॥ पितरोपिः॥

जीवापि समस्तानां दान कृ(त) भवतिः ॥शुभ॥

[प्राप्तिस्थान—फर्पिङ् टुटेपानीको अभिलेख

मिति—संवत् ३८१ पौष शुक्ल दिवा अष्टम्याम्

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—(१) श्री श्री परमेश्वर परम श्री श्री भीमदेव (२) विषयाधिपति महासामन्त श्री जेतराम जीव (३) अजशीहक

प्रशासनिक पद—महासामन्त

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—देवता र पितृको भक्ति तथा जीवात्माहरूको उद्धार

शिलापत्र राख्नेको नाम—दानपति श्री अजशीहक

महानात्माहरूको समेत देवताहरूको नाम—(१) सूर्य (२) शिव-भास्कर

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—हिन्दू

कुनमा प्रकाशित—संशोधन मण्डलद्वारा प्रकाशित "अभिलेख संग्रह" नवौं भाग,

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—(१) श्री फनपिंग विषय (२) थविलि टोल

संक्षिप्त विवरण—श्री परमेश्वर परम श्री श्री भीमदेवको विजयराज्यमा श्रीफनपिंग विषयाधिपति महासामन्त श्री जेतरामजीवको नगरस्थित थविलि टोलका वासिन्दा दानपति अजशीहकले देवता र पितृको भक्ति तथा

जीवात्माहरूको उद्धारको लागि प्रस्तुत कृति निर्माण गरेको कुरा अभिलेखमा वर्णित छ ।

कैफियत—प्रस्तुत अभिलेखको प्रारम्भमा पनि संवत् ४६३ मा लेखेको युद्ध जयार्णव तन्त्रमा लिखित सूर्यको स्तोत्र नै दिइएको छ । यस स्तोत्रले शिव र सूर्य दुई नभई एउटै रहेको कुरालाई स्पष्ट गरेको छ । अर्को, यस स्तोत्रमा मोहरूपी अन्धकारमा परेका प्राणीहरूलाई ज्ञान रश्मिद्वारा उद्धार गर्ने भनी शिवरूपी सूर्यलाई भनिएबाट सूर्यलाई ज्ञानको देवताको रूपमा पनि त्यस समय लिइन्थ्यो भन्ने कुराको पत्तो हुन्छ ।

अर्को, प्रस्तुत अभिलेखमा महासामन्त श्री जेतरामजीवलाई विषयाधिपति भनिएबाट उपर्युक्त समय नेपाललाई विभिन्न विषयहरूमा विभक्त गरी तो विषयहरूमा शासन चलाउन महासामन्तहरू नियुक्त गरिन्थे भन्ने कुरा पनि जानिन्छ ।]

अभिलेख नं. ३१

ॐ कन्या विजयपालस्यामृतश्रीनाम सोभना
कालस्य वसमापंना अलब्धोद्वहनक्रिया ।
तत् सोकाकुलितैरेभिः पितृमातृभिदुःखितैः
समुन्निनीषया तस्या शिवसायोज्यकारणात् ।
रषपंक्त्यग्निसंख्याते प्राप्ते सम्वच्छरे शुभे
मास्याषाढे शिताष्टम्यां हस्तर्क्षे बुधवासरे ।
स्थापिता श्रीमहागौरी भोगामोक्षसमीहया
निर्मिता नन्दपालेन शिल्पिना शुभजन्मना ।

[प्राप्तिस्थान—देवपाटनको अभिलेख

मिति—रषपंक्त्यग्नि संख्याते प्राप्ते सम्वच्छरे शुभे (= ३९६)
मास्याषाढे शिताष्टम्यां हस्तर्क्षे बुधवासरे ।

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—(१) विजयपाल
(२) अमृतश्री
(३) नन्दपाल

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—कालगतिले मरेकी छोरी अमृतश्री शिव सान्निध्यमा प्राप्त होस्

शिलापत्र राख्नेको नाम—विजयपाल र तिनकी पत्नी

महानात्माहरूको समेत देवताहरूको नाम—(१) शिव (२) श्री महागौरी

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य— हिन्दू

कुनमा प्रकाशित—अभिलेख संग्रह, दोस्रो भाग, पृ. १४.

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—विजयपालकी छोरी अमृतश्रीको कालगतिले मरेको हुँदा शोकाकुल एवं दुःखित माता-पिताले तिनी शिव सान्निध्यमा प्राप्त होस् भन्ने कामना साथ भोग मोक्षले युक्त श्री महागौरीको मूर्ति नन्दपाल नामक शिल्पकारद्वारा बनाउन लगाई प्रतिष्ठापन गरेको कुरा प्रस्तुत पादपीठ लेखमा वर्णित छ ।

कैफियत—अहिले सम्मन् नेपालमा प्राप्त अभिलेखहरूमा मूर्ति निर्माण गर्ने शिल्पकारको नाम सर्वप्रथम प्रस्तुत अभिलेख मैं भेट्टिएको छ जुन यसको विशेषता स्वरूप छ ।

मृत पुत्रीको शिव सान्निध्यमा प्राप्त होस् भन्ने कामना गरिएको पाइएबाट हिन्दूहरूमा मरे पछि देव लोकमा प्राप्त हुन सकिने विश्वास त्यस समय विद्यमान भएको कुराको पत्तो हुन्छ ।

प्रस्तुत अभिलेखमा श्री महागौरीलाई भोगा मोक्ष समीहया भनी वर्णन गरिएबाट तो देवी भोग र मोक्षदायी भएको कुरा जानिन्छ]

अभिलेख नं. ३२

श्रीमदानन्दमल्लभूभुजः·····देवा ॥

[प्राप्तिस्थान—सुर्खेत मङ्गलगढी

मिति—+

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—श्री मदानन्द-मल्ल भूभुजः

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—+

शिलापत्र राख्नेको नाम—+

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

कुनमा प्रकाशित—हरिराम जोशी, सुर्खेत, मधुपर्क २०३५ जेष्ठ

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—श्री मदानन्द महाराजा भन्ने कुरा अभिलेखमा उत्कीर्ण छ ।

कैफियत—प्रस्तुत अभिलेखको अतिरिक्त अरू कुनै ऐतिहासिक सामग्रीहरूले आनन्द मल्ललाई राजाको रूपमा दर्शाएका छैनन्, यद्यपि यिनी नेपाल उपत्यकामा तीन पटकसम्म आक्रमण गर्ने खास राजा जितारी मल्लका भाइ भएको कुरा तिब्बती वंशावली तथा शाके १२७९ को दुल्लुको कीर्तिस्तम्भमा उत्कीर्ण अभिलेखको अध्ययनबाट स्पष्टतः देखिन्छ । कर्णाली प्रदेशमा प्राप्त अभिलेखहरूको आधारमा इतिहासकारहरूको यही मान्यता थियो कि जितारी मल्ल पछि तिनका भतिजा रिपु मल्ल सिंजाधिपति भए । तर, अहिले प्रस्तुत अभिलेखको प्राप्तिले जितारी मल्ल पछि निर्णित रूपले आनन्द मल्ल नै सिंजाधिपति भएको कुरा जानिन आएको छ ।]

अभिलेख नं. ३३

ॐ नमः सारदायैः ॥ श्रेयोऽस्तु ····[वैशा]-
खे कृष्ण ॥ अष्टम्याः घटि वे नवम्या·····
(न)क्षत्रे घटि १४ प्रपूर्ब्बभद्र नक्षत्रः
(विष्कं) भयोगः बुधवासरेः अ ···
याः तदा उदयात् पु·····
···प्रतिष्ठाबेलाः । वेसाखमास(म)··
स ते चतुः चतुर्त्रिसकाले सोम्पेकवार···
···सारदा जगतः मातृपथिते ··
काममूर्ति श्री श्रीमत् जयानन्द नृप·····
ति भक्ति विभाव भावजीर्ण वर ···
···॥ श्रीजोतकराम श्रीजगराम श्री·····
···दहलकरन वि तिभृत ॥ स्वस्ति ····
- सस्थानाधिपो श्रीनवगलगन (शु)भमस्तुः

[प्राप्तिस्थान—ललितपुर ससुखेल स्थित अभिलेख

मिति—···वैशाखे कृष्ण ॥ अष्टम्याः घटि वे नवम्या नक्षत्रे घटि १४ प्रपूर्व्वभद्र नक्षत्रः विष्कंभयोगः बुधवासरे (=४३४ ?)

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—(१) श्री श्रीमत् जयानन्द नृप (२) श्री जोतक राम (३) श्री जगराम

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—+

शिलापत्र राख्नेको नाम—(१) श्री जोतकराम (२) श्री जगराम (३) श्री·····

महानात्माहरूको समेत देवताहरूको नाम—सारदा

विहार, मन्दिरको नाम—+

कुनमा प्रकाशित—संशोधन मण्डलद्वारा प्रकाशित "अभि-

लेख संग्रह" दोस्रो भाग
Dr. D. R. Regmi, Medieval Nepal, Part III, P. 17

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—श्रीनवगल

संक्षिप्त विवरण—श्रीमत् जयानन्द राजाको राज्य कालमा श्री जोतकराम, श्री जगराम आदि व्यक्तिहरूले जगत्माता स्वरूप भएकी श्री सारदा देवीको मूर्ति प्रतिष्ठापन गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ।

कैफियत—प्रस्तुत अभिलेखको अध्ययनबाट ललितपुर बालकुमारीमा सर्वप्रथम सरस्वतीको मूर्ति प्रतिष्ठापन श्रीमत् जयानन्द राजाको राज्य कालमा गरिएको कुराको पत्तो हुन्छ। यसको अनन्तर सम्भवतः उपर्युक्त मूर्ति विनष्ट भएको हुँदा श्री यक्ष मल्लको राजत्व कालमा अर्को सरस्वतीको मूर्ति प्रतिष्ठापन गरिएको थियो। संवत् ५६७ को ल०पु० बालकुमारीको अभिलेखमा त्यहाँ सरस्वतीको मूर्ति प्रतिष्ठापन गरिएको कुरा वर्णित भएबाट उक्त कुरोको पुष्टि भएको लाग्दछ।]

अभिलेख नं. ३४

ॐ श्रेयोऽस्तु। सम्वत् ४३७ फालगुन बधि २ राजाधिराज श्री श्री श्री जयानन्ददेवस्यः धर्म्मरा–

जे भवति रघुवंशावतार श्री श्री जयरुद्रमल्लदेवस्यः लब्ध-वरिष—

राज्य भवति श्रीदेवी गौ ब्रा(ह्मण)·····

पात्रानां सुखाय भवति। यजमान भवति कछावतार राजयो व्यमलोत्तरास मनवांछा शिद्धिरस्तु। पूर्व्वदिवंगतपितादी—

नां स्वर्ग्गलोक सम्प्राप्तिमस्तु। वारिश्चप्रतिगृन्हाति जस्तुवारि प्रयच्छति उभौ दौ पुण्यत्र···नियतं स्वरगगामिनी।

[प्राप्तिस्थान—देवपाटन दक्षिणामूर्ति समीपस्थ जलद्रोणीको अभिलेख

मिति—संवत् ४३७ फालगुन बधि २

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—

(१) राजाधिराज श्री श्री श्री जयानन्ददेव (२) रघुवंशावतार श्री श्री जयरुद्र मल्लदेव

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—दिवंगत पितृहरूको स्वर्गमा वास होस्

शिलापत्र राख्नेको नाम—+

महानात्माहरूको समेत देवताहरूको नाम—(१) रघु (२) श्री देवी

विहार, मन्दिरको नाम—+

कुनमा प्रकाशित—Dr. D. R. Regmi, Medieval Nepal, Part, III, PP. 17–18

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—स्वर्ग्गलोक

संक्षिप्त विवरण—राजाधिराज श्री श्री श्री जयानन्द देवको धर्मराज्यमा रघुवंशी श्री श्री जयरुद्र मल्लदेवको शासन समय श्री देवी, गौ, ब्राह्मण तथा पात्रहरूको सुखको लागि र यजमानको पनि इच्छा सिद्धि होस् भन्ने हेतुले दिवंगत पितृहरूको स्वर्गलोकमा वास होस् भनी जलद्रोणी प्रतिष्ठापन गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ।

कैफियत—प्रस्तुत अभिलेखमा राजाधिराज भनी उल्लेखित राजाको रूपमा श्री श्री श्री जयानन्ददेवको नाम उत्कीर्ण गरी श्री श्री जयरुद्र मल्लदेवको शासन समय भनी उल्लेख गर्नुको साथै पात्रहरूको सुखको लागि भनेर पनि वर्णन गरिएको पाइएबाट श्री श्री जयरुद्र मल्लदेव तत्समय पात्रहरूमध्ये सर्वश्रेष्ठ भई राज्यको हर्ताकर्ता जस्तै भएर शासन गर्न लागेको कुराको अनुमान हुन्छ।]

अभिलेख नं. ३५

जयादित्यमल्लदेव

[प्राप्तिस्थान—सुर्खेत नगर विकास योजना भवनको प्रांगणमा राखिएको चारैतिर बौद्ध देवता तथा चैत्यहरू कुँदिएको स्तम्भमा उत्कीर्ण अभिलेख

मिति—+

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—
जयादित्य मल्लदेव

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—+

शिलापत्र राख्नेको नाम—+

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

कुनमा प्रकाशित—हरिराम जोशी, सुर्खेत, मधुपर्क, २०३५ जेष्ठ

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—+

कैफियत—श्री मदानन्द मल्लका छोरा रिपु मल्ल पछि तिनका काकाका छोरा अक्षय मल्ल राजा भएका थिए। अक्षय मल्ल पछि तिनका भाइ आदित्य मल्ल राजा भए। गोपाल वंशावली अनुसार नेपाल संवत् ४४८ मा तिनले नेपालमा आक्रमण गरेका थिए। यसै तथ्यको परिप्रेक्षमा प्रस्तुत अभिलेखलाई लिन सकिन्छ। चारैतिर बौद्ध देवता तथा चैत्यहरू कुँदिएको स्तम्भमा जयादित्य मल्लदेव भन्ने अभिलेखमा उत्कीर्ण छ। यी आधारहरूबाट कर्णाली प्रदेशका खस राज परम्परामा जेष्ठताको आधारमा राजाको स्वर्गारोहण पछि राजाका भाइ, भतिजा तथा छोराहरू मध्ये जो कोही पनि राज्यासनमा आसीन हुने परम्परा चलेको देखिन्छ। जुन परम्परालाई २० औं शताब्दी ई. को नेपालमा राणा शासकहरूले पनि अंगिकृत गरेका थिए।]

अभिलेख नं. ३६

ॐ स्वस्ति ॥ श्री शाके १२४३ श्रीमदादित्यमल्लदेव
सपरिवार श्चिरंजगतु राइका भाषू पसाकि
अक्षि ॥ वास्गावा लामा सापरिवारि हाम्राइ
छत्रु नास हो हामि दानपति हो हाम्रा रख्या
स्वस्ति पायिथान रक्षा वा छन् कटक् आउदा
जादा गुम्वा घच् नकिय ॥ कोहि जे घच कर—
त सोन तोला १०० को थारो त्तासु भलो नक्रुँ ॥ ॥
वराप चल्या वा(भा)षू पसा भइ. आ(मुद्रा)

ॐ स्वस्ति क्षोक्यौं ग्याल्वो आञ्जीमल गी कालुङ स्यार छोक्सु
कोइबी मकपोन लोचो थब्ढीख त आर्वानङमी खोरबा मक्मि नम्ला
सालवा ताघवाइ गोम्बा माबू लाग्दाङ्वेपानमा ७। धेदोङ ग्याल्वो
ग्होन चोकी कुहिरीम ढजे च्चूक पा होम्वे खोङ्लासुहि क्याङमा
ढोक्वामाथेन ङेताक्प्पोलोङ ढोधोनक्षु धाङ याङ माजेत्तपर देवारिम्ढो
जेक्षुक्भेने छिन् ग्यूहि साङ हिक जिन चाङ दिला सू हिम् चिपर सोङ
सेर साङ चिक थारो लेन चिङ लुहि के तेङ चर ढकपोभे ढुहि रेङ खाङ
माभे चिलो सहुन घा वोइछे च्यूल के छेर ढी।
आ. (मुद्रा)

[प्राप्तिस्थान—ताघवाई गुम्बाको ताम्रपत्र

मिति— श्री शाके १२४३

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—
श्री मदादित्य मल्लदेव

प्रशासनिक पद—+

अड्डा—+

ताम्रपत्र राख्नाको उद्देश्य—राजाज्ञा जारी गरेको

ताम्रपत्र राख्नेको नाम—श्री मदादित्य मल्लदेव

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—ताघवाइ गोम्बा

धर्म, धार्मिक कार्य—बौद्ध

कुनमा प्रकाशित—मोहनप्रसाद खनाल, मध्यकालीन अभिलेख, २०३०, पृ. २

ताम्रपत्रको शिर्षचिन्ह—दुई खड्ग र एक शेरका आकृति अङ्कित छन् ।

स्थान—+

संक्षिप्त विवरण—श्री मदादित्य मल्लदेव राजाले मन्त्री, वडाहाकीम तथा सैनिक र गैह दुनियाहरूलाई सम्बोधन गरी ताघवाइ र सो अन्तर्गतका सम्पूर्ण गुम्बाहरूमा बसी पूजा उपासनामा लागिरहने लामाहरूलाई कसैले दुःख दिन नपाउने गरी राजाज्ञा भएको कुरा प्रस्तुत ताम्रपत्रमा वर्णित छ ।

कैफियत—उपर्युक्त ताम्राभिलेखको अध्ययनबाट ताघवाइ गुम्बा सिजाङ्पति श्री मदादित्य मल्लदेवको राज्यान्तर्गत अठारसय् खोलास्थित रिगाउँको शिरानमा निर्मित थियो । २०१५ सालमा नेपाल-चीन बीच सीमा सन्धि हुनु भन्दा पहिलेसम्म उक्त गुम्बा र त्यसदेखि झण्डै १५ कोश उत्तरसम्मको इलाका नेपाल राज्यान्तर्गत रहेको थियो । २०१५ सालमा भएको उक्त सन्धिले ताघवाइ गुम्बाको साथै एक विस्तृत भूभाग तीब्बती राज्यमा मिल्न गयो । तर, प्रस्तुत ताम्रपत्रको प्राप्तिले यद्यपि यो गुम्बा अहिले नेपालको राज्य सीमा भित्र नरहे तापनि यसको पूर्व स्मृतिलाई यसले अझै ताजा गराइराखेको छ भन्न अवश्य सकिन्छ ।

प्रस्तुत ताम्रलेखको अध्ययनबाट उपर्युक्त समय अपराधीहरूलाई शारीरिक दण्डको साथै दण्ड स्वरूप सुन जरिवाना गर्ने परम्परा रहेको कुरा जानिएर तत्कालीन न्याय व्यवस्थामाथि यसले थोरबहूत प्रकाश पारेको कुरा स्वीकार्न सकिन्छ । यस लेखमा जरिवाना स्वरूप सुन दण्ड गरिने कुराको उल्लेखले तत्समय सुदूर पश्चिमका राज्यहरूमा मुद्राको प्रचलन नरहेको कुरातिर स्पष्ट संकेत गरेको छ ।]

अभिलेख नं. ३७

ॐ स्वस्ति । धर्म्मको निकोटा(ठा)कुर । पुण्यमल्लको अदिस

पूर्वतिर लायो हाहाको मुलिउँ पेषक अदिकारी
करिकि कमकर सभुँ प्रति काजको धाल्ये अडै
कटका मानिसौं पासाकियो ताजुगाईं पाख श्वा
गिर्य पनि पुर्विलो महारा(ज)को वल विद्यां करि अ—
ऋनु तेनकारन लागि महाराज मदपात पसाकि—
यो क महाराजको वल विद्यां करु लामूनि टासि—
र्कुसाल लामा पाता षम्करी बिन्तिकियो तसर
मयाकियो ताजगापास नर्जा पाली सित र्तुनि
स्यांगकीरो मूसो भुपालि माउनि चउनि सोल ता—
त मानि कोइ चढू भढू नकिय । महाराजको मुदन
लेषत तहाँ अइसि विन्ति ढोया जो यस मुदपात
नलेष तास घानि सुनको घारो टासू पातुन लेषजो
थर्पुषा जुला ।:
ॐ स्वस्ति चोक्यौं घ्याल्वो चेन्वो पुन्नमल्ल चिसुङ स्यार
चोक्सु कोलवी

पोन चे दोर्ज्ये अदिकार ले चे नम् दाङ दुहि चोगी ढीप दुल
जेवी मकपोन

मक्मी नामला सालवा खाङब घलब ङक् क्याङ...ध्याल्वो
नम कि बुवीम

ढोदाङ ढोम्म ब दुप्भे चीङ दोपो दोन.....ध्याल्वो नम कि
दुपी ढो ढाङ

धोम् दुप भे चिङ ढोत पी दोनचा ध्याल.....सल च्यूचिङ
७। ङेल् गुल् की

रीम्ढो बब वुम् होइ सेर नमढो.....दङ चे ब् नम.....ङीङ
घोरो सालवा

सोक... नमढील.....दुत्टे घेलोङ क ङिङ तक्पे.....
ध्याङ याङ मज्याङ ।

ध्या घाङबी.....मिज्यूङ न खेराङ सर स्ये.....सार कार
चि की सारो यो

चिङ.....लनेजङ वहिन् फोहि.....घी लाङलो घावा
सुम्वी.....चा पर

स्योक स्हने..... । टसिपर ग्युर चिङि स्यू सुमल
"पुन्नम्मल्ल" (मुद्रा) शाके १२५०

[प्राप्तिस्थान—ताघवाई गुम्बाको ताम्रपत्र

मिति—शाके १२५०

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—
धर्म्मको निकोटा(ठा)कुर पुण मल्ल

प्रशासनिक पद—चेदोर्ज्ये

अड्डा—+

ताम्रपत्र राख्नाको उद्देश्य—राजाज्ञा जारी गरेको

ताम्रपत्र राख्नेको नाम—टाकुर पुण मल्ल

महानात्माहरूको समेत देवताहरूको नाम—+

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—बौद्ध

कुनमा प्रकाशित—मोहनप्रसाद खनाल, मध्यकालीन अभिलेख, २०३०, पृ. ९-१०

ताम्रपत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण— ठूलाधर्मात्मा राजा पुण्य मल्लले चेदोर्ज्ये अधिकारी, ठूला हाकिम र सैनिक अधिकृत तथा जवानहरूलाई सम्बोधन गरी ध्याङ्मा पूजापाठ गर्ने लामाहरूलाई कसैले दुःख दिने कार्य गर्न नहुने व्यवस्थाको राजाज्ञा जारी गरेको कुरा प्रस्तुत ताम्रपत्रमा वर्णित छ ।

कैफियत—दुल्लुस्थित पृथ्वी मल्लको स्तम्भलेखको अध्ययनबाट श्री पुण्य मल्ल सूर्यवंशी पाल क्षेत्री रहेको कुरा चाल पाइन्छ । नागराजवंशी श्री आदित्य मल्लको मृत्युपछि सिजाको राज्यासनमा पाल क्षत्रीय वंशी श्री पुण्य मल्ल आसीन भएको कुरा ताघवाई गुम्बाका लामाहरूको वंशावलीमा वर्णित भएको औ प्रस्तुत अभिलेखबाट उपर्युक्त समय श्री पुण्य मल्ल राज्यासनमा अवस्थित भएको देखिएबाट उक्त वंशावलीको कथनको पुष्टि भएको लाग्दछ । किनभने ने.सं. ४४८ मा नेपाल उपत्यकामा आक्रमण गरी श्री जयादित्य मल्ल नेपालबाट स्वदेश फर्केको औ त्यसको एकाध वर्षमै प्रस्तुत अभिलेख अनुसार सिजाको राज्यासनमा श्री पुण्य मल्ल आसीन भएको पाइएबाट उक्त अनुमानको पुष्टिमा बल मिलेको छ ।]

अभिलेख नं. ३८

ॐ स्वस्ति श्री शाके १२७६ पौषे वदि २ शुक्रवाश (स) रे
महाराजाधिराज

परमेश्वर परमभट्टारक परमधार्मिक परमकल्पद्रुमावतार श्री-
मत्पृथ्वीमल्ल—

देव विजयराज्ये महामात्य श्रीयशोवर्मदेवानां समये ॥
लब्धाशीर्भि(भी)मराजस्य धनराजस्य धीमतः । छत्याल-
वंशतिलकः

सूनुर्ग्रंथाह्वयमंणः ॥ वल्लदेव्याः संजातो देववर्मा महामतिः ।
तेना—

पूर्वतरा वापी निर्मिता श्र(ऽ)मरवल्लभा ॥ चैत्यपचक-
संयुक्ता वसति
बुद्धसंतत्तिः । विश्रामभूमि (:) श्रान्तानां जीवितं सर्वदेहिनां
महामात्य
श्रीमद्देववर्मदेवै; सर्वसत्त्वोपकाराथ (र्थं) स्वकार्या वन (र्थं च)
बु(द्ध)ध्या नूतनरीत्या देवानामपि वल्लभा । वापी विरचिता ॥
लिखितं वर्मदासेन । इति शुभमस्तु ॥

[प्राप्तिस्थान—दुल्लुपाथरन्याउलीको अभिलेख

मिति—श्री शाके १२७६ पौषे वदि २ शुक्रवासरे

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—
(१) महाराजाधिराज परमेश्वर परमभट्टारक परमधार्मिक परमकल्पद्रुमावतार श्रीमत् पृथ्वी मल्लदेव
(२) महामात्य श्री यशोवर्म देव
(३) भीमराज
(४) धर्मराज
(५) ग्रंथान्हवर्म
(६) नावल्लदेवी
(७) महामात्य श्रीमद्देववर्मदेव
(८) धर्मदास

प्रशासनिक पद—महामात्य

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—सबै प्राणीहरूको उपकार होस्

शिलापत्र राख्नेको नाम—महामात्य श्रीमद्देववर्मदेव

महानात्माहरूको समेत देवताहरूको नाम—बुद्ध

विहार, मन्दिरको नाम—+

कुनमा प्रकाशित—संस्कृत सन्देशः, प्रथम वर्ष १०, ११, १२ संयुक्ताङ्कः, पृ. ५४;

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—महाराजाधिराज परमेश्वर परमभट्टारक परमधार्मिक परमकल्पद्रुमावतार श्री मत्पृथ्वी मल्लदेवको विजयराज्यमा महामात्य श्री यशोवर्म देवको समय बुद्धिमान् भीमराज र धर्मराजको आशीष प्राप्त छत्थालवंशी ग्रंथान्हवर्म र नावल्लदेवीको छोरा बुद्धिमान् महामात्य श्रीमद्देववर्मदेवले सबै प्राणीहरूको उपकार होस् र आपनो पनि काम चलोस् भन्ने कामना लिई देवताहरूको पनि प्यारो भएको कुवा बनाएको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।

कैफियत—प्रस्तुत पुष्पिकाको अध्ययनबाट महाराजाधिराज परमेश्वर परमभट्टारक परमधार्मिक परमकल्पद्रुमावतार श्री मत्पृथ्वी मल्लदेवको विजय राज्यमा देशको राम्रो शासन सञ्चालनको लागि एकजना महामात्यको नेतृत्वमा विभिन्न महामात्यहरूको मन्त्रिपरिषद् गठन गरिने व्यवस्था भएको कुराको संकेत प्राप्त हुन्छ । महामात्य श्रीमद्देववर्मदेवको प्रस्तुत अभिलेखमा महाराजाधिराज··· श्री मत्पृथ्वी मल्लदेवको विजयराज्यमा महामात्य श्री यशोवर्म देवको समय भनी स्पष्ट उल्लेख गरिएको पाइएबाट उपर्युक्त अनुमानमा सघाऊ पुऱ्याएको छ ।

यस अभिलेखबाट तत्समय राजाहरूको नामको साथै मन्त्रीहरूको नामको अन्त्यमा पनि देव शब्द व्यवहृत गरिन्थ्यो भन्ने कुराको पत्तो हुन्छ । ग्रंथान्हवर्मको नाममा देव शब्दको अभाव रही तिनका महामात्य रहेका छोराको नाममा श्री अर्का महामात्य श्री यशोवर्मको नाममा पनि देव शब्द व्यवहृत गरिएको पाइएबाट उक्त कुरोको पुष्टि हुन्छ ।]

अभिलेख नं. ३९

(ॐ नमो) बुद्धाय ॥
नेपालेऽतीतसख्ये मुनिनगजलधौ वत्सरे चैत्रमासे
(पक्षे शु)क्लोत्तरस्य प्रवरगुरुदिने पुष्य ऋक्षे नवम्यां
योगे शूलाग्रसं(ज्ञे)··· तिगदिते बालवे चाधिकर्णे
तस्मिन् श्री चैत्यमूर्ति सकल जिनतनू येन (सम्यक) प्रतिष्ठः
श्रीवत् वर्जे वने न्य सुगतसुतसमं धर्मशास्त्रे प्रवतः ।
···ध्यानचन्द्रात् समधिगतवरं जागिकात् लक्षयज्ञे
सोयं श्री मेघपालो भवति हि विजयी सर्वशत्रुनिहन्ता
यज्ञे धर्मेषु नित्यं लघुतनय इव सर्व्व भावे(प्र)वर्तः ॥
श्रुतानसामसदिनो यवनाधिराजः नेपाल सर्व्वनगरं भश्मोक-
(रो)ति ।
तस्मिन् क्षणे पतितचैत्यमिदं च दृष्ट्वा जीर्णं करोति
नवकं वरपाहः ।

ॐ स्वस्तिः ॥ नेपालिक संवत्सरे ४७७ चैत्रशुक्लषष्टम्यां
पुष्य न(क्ष)त्रे धृतियोगे वृहस्पतिवासरे ।
श्री श्री ललितव्रु मायां श्री माणिगल(व)र महापिथवहारे
श्री श्री रङ भट्टारकस्य क्षारच्छादिध्वंसित तत्रैव
जीर्णोधारणं प्रतिपादितं । केनत्रिभय कुलोद्भवमहापात्र श्री
मेघवर्म्मणा श्रीसम्यक्सम्बुद्ध प्रति-
लंभहेतुना प्रतिष्ठापितम् । इहा····· श्री श्री चैत्यरंगभट्टा-
रकाय वरसि गरिष्ठपूजनार्थं नवदंम(शि)वका-
दमत्रय कर्षाङ्कर्षत्रयमूर्त्यगमहापात्र श्रीमेघपाल(व)र्म्मणा
संप्रढौकितं स्यात् । शुभमस्तुः ॥ छत्रप्रदाता
प्रति वर्षकस्य वाचस्पतितुल्य जगत्पति स्यात् । श्रीमेघपाल-
स्य प्रधानमन्त्रिरकास्ति नीया खलु
चैत्यभूयात् । शुभमस्तु सर्व जगताम् ॥ ॥
श्रेयोऽस्तु ॥ संवत् ४७९ अश्विनिशुक्ल त्रयोदश्यां शौरवासरे
श्री भट्टारकस्य वर्षप्रतिकठिनछत्रावरोहन
प्रदत्तनिमित्तोन अमात्य मन्त्रि चूडामणि जगत्पतिनाम्नस्य
नवदम्मशिक्काक्षयाङ्क स ३ इति ॥ चित्यग्नि—
जलवायुश्चन्द्रार्का वहन्ति मेदिनीमन्ते मे यावच्च काल-
कालान्तरं गच्छेत्स्वच्छो भवति सर्व्वदा ।
लोपालोपं यद्दान स्याच्छ्रीमद्भट्टारकाय नित्यं तर्हि नलोप-
नीयं स्युर्भवन्तु जय युक्तिमानताः

[प्राप्तिस्थान—ल.पु. पिम्वहालको अभिलेख

मिति—नेपालिक सम्वत्सरे ४७७ चैत्रशुक्ल नवम्यां पुष्य
नक्षत्रे धृतियोगे वृहस्पतिवासरे । संवत् ४७९ अश्विनि
शुक्ल त्रयोदश्यां शौरवासरे

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—
(१) ···ध्यान चन्द्र
जागिक (२) महा-
पात्र मेघपाल वर्म्म
(३) श्रुतान साम-
सदिनो यवना-
धिराजः (४) अमात्य
मन्त्रि चूडामणि
जगत्पति

प्रशासनिक पद—(१) महापात्र (२) अमात्य (३) मन्त्रि
चूडामणि (४) प्रधानमन्त्रि

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—यवनाधिराज सुल्तान समसु-
द्दीनद्वारा नष्ट गरिएको चैत्य
जीर्णोद्धार गरेको उपलक्षमा

शिलापत्र राख्नेको नाम—महापात्र श्री मेघपालवर्म्म

महानात्माहरूको समेत देवताहरूको नाम—(१) जिन (२)
श्री चैत्य (३)
सुगतसुत (राहुल)
(४) श्री श्री रङ
भट्टारक (५)
वाचस्पति

विहार, मन्दिरको नाम—महापिथवहार

धर्म, धार्मिक कार्य—बौद्ध

कुनमा प्रकाशित—संस्कृत सन्देशः, प्रथम वर्ष—१०,११,
१२ संयुक्ताङ्क, पृ. ११—१२

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—श्री श्री ललितन्नुम (२) माणिगज

संक्षिप्त विवरण—श्री नेपालिक संवत् ४७७ चैत्र शुक्ल नवमी तिथि पुष्य नक्षत्र धृतियोग वृहस्पतिवारका दिन बुद्धपुत्र समान धर्मशास्त्रमा लाग्ने···· ध्यानचन्द्र जागिकबाट लक्ष यज्ञमा वर प्राप्त गरेका सबै शत्रुलाई पराजित गर्ने यज्ञ धर्महरूमा चाख राख्ने प्रधानमन्त्री महापात्र श्री मेघपाल वर्म्मले यवनाधिराज सुल्तान समसुद्दीनले नेपालमा आक्रमण गरेको सिलसिलामा नष्ट गरिएको श्री जिन देवताको सम्पूर्ण मूर्ति स्वरूप चैत्य जीर्णोद्धार गर्नुको साथै त्यसको पूजाआजा आदिको व्यवस्था गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णन गरिएको छ ।

कैफियत—प्रस्तुत अभिलेखमा श्री चैत्य मूर्ति सकल जिनतनू भनी उल्लेख गरिएबाट अलौकिक तत्वको लौकिक स्वरूपको चिन्तन गर्न नसकिने हुँदा शिवलाई लिङ्ग रूपमा पूजा गरिए अनुरूप बौद्ध धर्ममा बुद्धलाई चैत्यको रूपमा पूजिन लागेको कुरोको यथार्थतातिर स्पष्ट रूपले इङ्गित हुन्छ ।

अर्को, यस लेखमा बुद्धपुत्र समान धर्मशास्त्रमा लाग्ने भनी ····ध्यानचन्द्र जागिकलाई भनिएबाट श्री··· ध्यानचन्द्र कुनै एक राजवंशका युवराज रही तिनले बुद्धपुत्र (राहुल)ले जस्तै राजपाटको सम्पूर्ण अधिकारलाई त्यागेर बौद्ध धर्ममा दीक्षित हुनुको साथै धर्मशास्त्रको प्रवर्तनमैं आफ्नो जीवनलाई उत्सर्ग गर्ने महापुरुष भएको कुरोको अनुमान हुन्छ ।

फेरि, यस लेखको अध्ययनबाट श्री मेघपाल वर्म्म तत्कालीन नेपालको राजनीतिक जगतका महत्वशाली व्यक्ति थिए भन्ने कुराको पत्तो हुन्छ । यिनले महापात्रको साथै प्रधानमन्त्री पद धारण गरेका थिए । नेपालको इतिहासमा प्रधानमन्त्री पद धारण गर्ने यिनीनै पहिलो व्यक्ति थिए, जसको कारण पनि यिनको महत्ताको परिचय मिल्छ ।

यवनाधिराज समसुद्दीनको नेपाल आक्रमण बारे थाहा दिने पहिलो अभिलेखको रूपमा यसैलाई लिइएको छ । यसको अनन्तर संवत् ४९२ को स्वयम्भूको अभिलेखले उक्त आक्रमण बारे प्रकाश पारेको थियो ।]

अभिलेख नं. ४०

ॐ श्रेयोऽस्तु ॥ सम्वत् ४८१ चैत्र कृष्णः अष्टम्यायां । श्री श्री श्री धर्म्मधातु वागेश्वर भट्टारकः । जीर्णोद्धार प्रतिष्ठा । श्रीन्होलवहार प्रधानाङ्ग पात्र रणजोतिन ····· नस प्रथम पुत्री श्रीउल्हासलक्ष्मी कृता । तेन पुण्येन लोकोऽस्तु व्रजतां सौगतपदः ॥ शुभमस्तु ॥ सर्वजगतां ॥ ॥

[प्राप्तिस्थान—ललितपुर श्री न्होलवहारको अभिलेख

मिति—संवत् ४८१ चैत्र कृष्ण अष्टम्यायां ।

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—

(१) प्रधानाङ्ग पात्र रणजोति

(२) श्री उल्हास लक्ष्मी

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—लोकले सौगतपद प्राप्त गरोस्

शिलापत्र राख्नेको नाम—श्री उल्हास लक्ष्मी

महानात्माहरूको समेत देवताहरूको नाम—

श्री श्री श्री धर्म्मधातु वागेश्वर भट्टारकः

विहार, मन्दिरको नाम—श्री न्होलवहार

धर्म, धार्मिक कार्य—बौद्ध

कुनमा प्रकाशित—हेमराज शाक्य, मेदि वल नेपाल, १९७०, पृ. ६४.

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—श्री न्होलवहार

संक्षिप्त विवरण—श्री न्होलवहारका प्रधानाङ्ग पात्र रणजोतिकी जेठी छोरी श्री उत्हास लक्ष्मीले लोकले सौगत पद प्राप्त गरोस् भन्ने कामना लिई श्री श्री श्री धर्म्मधातु वागेश्वर-भट्टारक जिर्णोद्धार गरी प्रतिष्ठा गरेको कुरा प्रस्तुत लेखमा वर्णित छ ।

कैफियत—पुण्यकर्मद्वारा मनुष्य भगवानमैं लीन हुने हिन्दू धर्मावलम्बीहरूको विश्वास अनुरूप उपर्युक्त समय बौद्ध धर्मावलम्बीहरूमा पनि पुण्यकर्मको फल सौगत पद प्राप्त हुने कुरा प्रस्तुत अभिलेखको अध्ययनबाट जानिन्छ ।]

अभिलेख नं. ४१

ॐ नमः शिवाय ॥ सम्वत (ख. शिव)··· माघ शुक्ल त्रयोदशी प्र. चतुर्दश्यां तिथौ श्रवणनक्षत्रव्यातिपा—त योगे बृहस्पतिवासरे श्रीश्रीराजल्लदेव्या विजये श्री ·····शगत ·····दद्यापन शुभजगतां···

[प्राप्तिस्थान—अनन्तलिङ्गेश्वरस्थित जलहरिको अभिलेख

मिति—संवत् (ख. शिव)··· माघ शुक्ल त्रयोदशी प्र. चतुर्दश्यां तिथौ श्रवण नक्षत्र व्यातिपात योगे बृहस्पतिवासरे

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—

श्री श्री राजल्लदेवी

प्रशासनिक पद—+

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—+

शिलापत्र राख्नेको नाम—+

महानात्माहरूको समेत देवत हरूको नाम—+

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—+

कुनमा प्रकाशित—मोहनप्रसाद खनाल, मध्यकालीन अभिलेख, २०३० वि.सं., पृ. १४

शिलापत्रको शिर्षचिन्ह—+

स्थान—+

संक्षिप्त विवरण—+

कैफियत—१४ औं शताब्दी ई. को प्रारम्भिक समयमा श्री श्री जयानन्द देव, श्री श्री जयरि मल्ल, श्री श्री जयराज देवहरू नेपालको राज्यासनमा अवस्थित रहे तापनि नेपालका विभिन्न राजकुलहरू मध्येको एकका सदस्य श्री श्री जयरुद्र मल्लदेव तत्कालीन राजनीतिका कर्णधार भएका थिए । यिनले वैधानिक राजाको रूपमा उपर्युक्त राजाहरूको उपस्थिति मैं पनि राजोचित उपाधिहरू विहीन भए तापनि एकजना राजाकै रूपमा रही राज्य शासन चलाएका थिए । यसैकारणले पनि यिनको मृत्यु पछि यिनकी छोरी तथा नातिनीको हेरचाह गरी हुर्काएकी कारण शक्तिशाली व्यक्तित्वको रूपमा माथि उठेका श्री देवलदेवीले वैधानिक राजा श्री श्री जयराज देव हुँदा हुँदै श्री श्री राजाधिराजको उपाधिसाथ शासन सञ्चालन गर्न सकेकी थिइन् । यसैले सम्भवतः तिनको उपाधि ग्रहण प्रति दुनियाँमा असन्तोष बढ्न लागेको हुँदा श्री श्री जयरुद्र मल्लकी नातिनी श्री श्री राजल्लदेवीकै नामले शासन सञ्चालन गरिन लागेको अनुमान हुन्छ । प्रस्तुत अभिलेखलाई यसै तथ्यको परिप्रेक्ष्यमा लिन सकिन्छ । प्रस्तुत अभिलेखमा श्री श्री राजल्लदेव्या विजये श्री··· भनी उत्कीर्ण गरिएको पंक्तिबाट तत्समय तिनकै नाममा शासन सञ्चालन हुन लागेको कुराको पत्तो हुन्छ । पछि

श्री श्री राजलदेवीसंग विवाह गरी जयस्थिति मल्ल तत्कालीन नेपालको राजनीतिक क्षितीजका शक्तिशाली व्यक्तित्वको रूपमा माथि उठ्नुको साथै तिनले तत्कालीन नेपालका वैज्ञानिक राजा श्री श्री जयार्ज्जुन देवलाई राज्यासनच्राट च्यूत गरी स्वयं नेपालका राजाधिराज भएको घटनाले पनि उक्त तथ्यको सम्पुष्टितिरै स्पष्ट रूपले इङ्गित गरेको छ ।]

अभिलेख नं. ४२

श्रेयोऽस्तु ॥ सम्वत् ४९० फाल्गुण मास शुक्लपक्षे ॥ त्रयोदश्यां तिथौ:

पुष्य नक्षत्र शोभन जोग अंगारवासरे ॥ श्री दोलखा.....

श्री श्री इन्द्र राजा प्रतिमा दोयक दिवंगत मनिक रतन भारोकस्य

सुवर्ण प्रतिमा शुभम् ॥

[प्राप्तिस्थान—दोलखाको सुवर्ण पत्राभिलेख

मिति—संवत् ४९० फाल्गुण मास शुक्लपक्षे त्रयोदश्यां तिथौ: पुष्य नक्षत्र शोभन जोग अंगारवासरे

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत— मानिक रतन भारो

प्रशासनिक पद—+

अड्डा—+

अभिलेख राख्नाको उद्देश्य—+

अभिलेख राख्नेको नाम—+

महानात्माहरूको समेत देवताहरूको नाम— श्री श्री इन्द्र राजा

विहार, मन्दिरको नाम—+

धर्म, धार्मिक कार्य—वैदिक (हिन्दू)

कुनमा प्रकाशित—मोहनप्रसाद खनाल, अभिलेख संकलन, साझा प्रकाशन, २०३६, पृ. ६

सुवर्ण पत्राभिलेखको शिर्षचिन्ह—+

स्थान—श्री दोलखा

संक्षिप्त विवरण—उपर्युक्त समय श्री श्री इन्द्र महाराज तथा दिवंगत मनिक रतन भारोका सुवर्ण प्रतिमा निर्माण गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ ।

कैफियत—ऋग्वेदकालीन सर्वाधिक शक्तिशाली देवता रहेका देवराज इन्द्र हिन्दू धर्मका अनेकौं देवताहरूमध्ये एक मानिन्छ । ऋग्वैदिक समय पछि यद्यपि यिनी गौण देवताको रूपमा मानिन लागेको थिए तापनि यिनी पछिसम्म पनि एक प्रसिद्ध देवताको रूपमा पूजित रह्यो । यिनलाई सूर्यको रूपमा पनि लिइएको छ । कूर्म पुराणमा द्वादशादित्यको नाम क्रममा इन्द्रको नाम पनि समावेश गरिएको छ । उत्तर प्राचीनकालीन संवत् ४०२ को टेवहालको अभिलेखमा सूर्यलाई इन्द्रको संज्ञा दिइएको छ । ऋग्वेदको **अहल्या जार इति इन्द्र:** पंक्तिमा पनि इन्द्रलाई सूर्यसितै समीकरण गरिएको प्रतीत हुन्छ। इन्द्र र सूर्य बीचको समीकरणले सौर देवताको रूपमा यहाँ इन्द्रको पूजा प्रचलित भएको कुरा चाल पाइन्छ ।

सूर्यको रूपमा पूजिनुको साथै इन्द्रको आफ्नै स्वतन्त्र रूपले पूजिने परम्परा पनि प्राचीनकालदेखिनै यहाँ प्रचलित भएको देखिन्छ । उत्तर प्राचीनकालीन नेपालको सर्वप्राचीन स्वयम्भू अभिलेखमा महेन्द्रको रूपमा इन्द्रको नामको प्रयोग पाइन्छ । संवत् ५२६ लेलेको अभिलेखमा इन्द्रगोष्ठिकको उल्लेख गरिएको छ । उत्तर प्राचीनकालका आभीर राजा श्री जिष्णुगुप्तका मुद्रामा इन्द्रको प्रहरण स्वरूप रहेको वज्र औ वाहन उच्चैश्रवस् घोडाका आकृतिहरू कुँदिएका छन् । यी अभिलेखहरूले तत्समय नेपालमा इन्द्र-

लाई मान्ने मानिसहरूको गोष्ठी कायम भएको कुरा थाहा हुनुको साथै इन्द्रको पूजा सत्कार त्यस समयको नेपालमा गरिने कुराको यकीन जानकारी हुन्छ ।

उत्तर प्राचीनकालमा जस्तै मध्यकालमा पनि इन्द्रको पूजा उपासनाको प्रचार रहेको थियो । वर्षको बाह्र महिना मध्ये एउटालाई इन्द्रको महिनाको नामले वर्णन गरिएको छ । भाद्र महिनालाई नेपाल भाषामा यंला भनिन्छ औ त्यस महिनाको देवतालाई यंलाचोको संज्ञा दिइएको छ । त्यस महिना यहाँ विशेष गरी इन्द्रको पूजा औ यात्रा धूमधामले गरिन्छ । त्यस जात्राको समय थानकोट भेक स्थित इन्द्र दहमा एक ठूलो मेला लाग्दछ । त्यस्तै पोखराको हंसपुरमा एक प्रसिद्ध देवस्थल छ जहाँ मुख्यतः इन्द्रको पूजा गरिन्छ । त्यहाँ वर्षको दुई पटक अर्थात् वैशाख र कात्तिकमा मेला लाग्दछ ।

उपर्युक्त तथ्यहरूको परिप्रेक्षमा प्रस्तुत अभिलेखलाई लिन सकिन्छ । यस अभिलेखको प्राप्तिले उपर्युक्त समय नेपालमा इन्द्रको मूर्ति निर्माण गरिएको कुराको पत्तो भई मध्यकालमा इन्द्रको पूजा उपासना प्रचलित रहेको कुरा निर्णित रूपले जानिन्छ । दोलखामा प्रचलित जनश्रुति अनुसार इन्द्रजात्राको दिन सो मूर्तिको प्रदर्शन गरिने चलन रहेको छ । जसले इन्द्रजात्राको ऐतिह्यको जानकारीमा पनि सघाऊ पुऱ्याएको छ । यी आधारबाट पनि यस अभिलेखको खास महत्त्व रहेको कुरा स्वीकार्न सकिन्छ ।]

अभिलेख नं. ४३

नमो धर्मधातवे ॥
जगतालह्लाद सच्छास्तृहेतवे धर्मधातवे ॥
सर्वलोकतमोहानिकारिणेऽस्तु सदा नमः ॥
हरति बहलजिन्ह यस्य नामापि शृ(ख)म
..... बोधिजन्मिनां ध्यायमानः ॥
निरुपमगुणवीर्यस्त्यक्तसंसारपाशः ।
त्रिजगति (सम) बीजः पातु धर्मधातुः ॥
आसीद्धर्मनिधि द्वयैक जलधिर्न्नेपालभूमण्डले
ख्यातः श्रीजयराजदेवनृपतिः तेनैव राज्ञीकृते ॥
तस्मिन्नेव विराजतिस्म विमलः स्तूपो मुनेः केतनः
श्रीसान्ह शिखरे प्रसिद्ध भुवने प्रस्थापितः पूर्वकैः ॥
सप्तत्याभ्यधिके श्रीमत्नेपालाब्दचतुः शते ।
मार्गशीर्षे सिते पक्षे दशम्यां गुरुवासरे ॥
सूरत्राणसमस्दीनो बंगालबहुलैर्बलैः ।
सहागत्य च नेपालो भग्नो दग्धश्च सवशः ॥
कालेन कियता धीमान् स राजा त्रिदिवंगतः ।
एवं यवनदग्धस्तु स स्तूपोपि तथा स्थितः ॥
श्रीजयार्जुन देवेन सूनुना तस्य भूभृतः ।
सम्पाल्यमाने नेपाले वीरनारायणेन तु ॥
श्रीजयस्थितमल्लेन क्षत्रिरत्नाकरेन्दुना ।
पालिते तत्र कालेन बुद्धपुण्योदयेन च ॥
श्रीकाष्ठमण्डपपुरी विभातिरम्या
तस्यां जयी वसति वीर्यगुणैरुदारः ।
श्रीराजहर्ष इति सर्वजनप्रणीतः
पात्रान्वयामृतकरः सुविशालकीर्तिः ॥
तस्य श्रीरणदेव इत्यवरजः श्रीरुद्रदेवानुजः
ख्यातोस्तेव समस्तशुद्धचरितो वीरः प्रतापोज्वलः ।
ताभ्यां सार्द्धमतो विजित्य च रिपून्सत्कीर्तिकान्तद्युतिः
तस्मिन्नेव पुरे मनोहरतरे श्रीराजहर्षः स्थितः ॥
आदायाज्ञां द्वयो राज्ञोरिन्द्रोपेन्द्रसमानयोः ।
सज्जीकृतं शुभोदिष्टं राजहर्षेण धीमता ॥
पुननिर्मीयते स्तूपं धर्मधातु समुद्भवम्
नानारत्नसमाकीर्णं शिरोमणिविभूषितम् ॥
अब्दे नेपालिकाङ्के नयनवयुगे चाश्विने पूर्णिमाया–
मूचे मासानुकारे सितदिनयदिते योगसंकर्मणाख्ये ।
स्तूपस्यास्य प्रतिष्ठा सकल शुभमयी कारिता तैः
सुस्वर्णं छत्रारोहादिकमाहुतिमखविधिना श्रीयुते राजहर्षैः ॥
देयधर्मोयं प्रवरमहायानयायिना परमोपासक परमधार्मिक
सर्वसत्वानुकम्पकेन

श्रीकाष्ठमण्डपमहानगरावस्थितेन श्रीकेलाछेद्वाखाकुटुवज्रा-
मात्य मूर्त्यङ्गरेण शक्तिमल्ल वर्म

भल्लोकसुतेन । श्रीराजहर्षभल्लोकेन । सहधर्मचारिणी श्री-
जोतिलक्ष्मया सहितेन ॥ भ्रातृ श्री

रणदेववर्मभल्लोक । श्रीरुद्रदेववर्मभल्लोकेन सहानुमतेन ।
तस्य भागिनेय श्रीसिखरपुरावस्थित ।

त्रिशक्तिगुणान्वित । महारावुत्त श्रीजूटसिंहसिंहस्यानुमतेन ।
यष्टिकारोपनकृते श्री वा—

दारुकर्मकृते महता कर्मकारेण अतिश्रद्धायुक्तेन चेतसा ॥
तत्र च । मूर्त्यङ्ग श्रीराज—

पतिवर्मभल्लोकपूर्वङ्गमेन । श्रीकाष्ठमण्डपस्थाने रत्नदण्ड-
छत्रकलसध्वज उपस्थि—

तेन चतुरहोरात्रदीपप्रज्वलितेन नाकथिचित्रनेत पताकालङ्-
कृतेन नभूतपूर्वेन परिक्रम

महायात्राकृतेन ॥ ॐ श्री श्री श्री साह्यगुप्तवर्मधातुवागीश्वर
भट्टारकाय सुवर्णचक्रावली । सु—

वर्णस्फुटितविश्वमणिखचितरत्नोष्णीषदण्ड ॥ सुवर्ण .....
सुवर्ण पात्र अथ सोवर्णकलश ध्व—

जकनकदण्ड सहित । नवीनकृतदेवाङ्ग संछन्न छत्रम् । तस्या-
वरोहनकाले चतुरहोरात्रय—

ज्ञपूर्णयामुपढौकितम् ॥ तत्रैव स्थानाधिप वज्राचार्य श्री-
जयानन्दः । स एव मण्डपस्थान सि—

कोमगुह्विविहारावस्थितपण्डितवज्राचार्य श्रीज्ञानकीर्ति सेनापादं
कर्मचार्य कृत्वा श्री व—

ज्रधातुदेगुरिक्रमेण जीर्णोद्धार प्रतिष्ठाकृतम् भवति स्यात् ।
तस्य तिथिप्रदाता वानिह्म दै—

वज्र रत्नपति नाम्नेति ॥ स एव स्थाने विश्वमणि कर्मकरा-
(भि)ज्ञ श्रीमानचन्द्रेण । दारुकर्मकर—

स्थपतिभारो सभ्रतृज जयराम भारो सहितेन ॥ मोदन्तां
भवसङ्कटे निपतितास्त्यक्त्वा

जना दुर्गति निःशेषारिजितं महीं च सकलां रक्षन्तु भूमी-
श्वराः । मेथैरम्बु धरैः धराम्ब—

सुमतीं पूर्यन्तु तोयैस्सदा सत्पुण्योपचयैर्लभन्तु कृतिनः सम्बो-
धिलक्ष्मीपदं ॥ यद्

प्रशस्तिस्थितकोस्मिन्मया मन्दधिया कृतम् । यदि शुद्ध-
मशुद्धं वा क्षमनीयं सदा बुधैः

श्रेयोस्तु नेपाल संवत् ४९२ आश्विनशुक्लपूर्णमास्यां तिथौ
अश्विनो नक्षत्रे । सुकर्मया—

गे बुधवासरे । प्रतिष्ठा संपूर्णप्रतिपद्य धाजावरोहनदिवस ॥
अत्र आखर टाकर लाक

रमी श्रीमानीगल ज्ञामु लमीस । स एव स्थानया मुलमीस ॥
...शुभमस्तु सर्वजगताम्

[प्राप्तिस्थान—स्वयम्भूको अभिलेख

मिति—श्रेयोस्तु नेपाल संवत् ४९२ आश्विन शुक्ल पूर्ण-
मास्यां तिथौ अश्विनो नक्षत्रे सुकर्मयोगे बुधवासरे

राजा, दूतक वा कुनैको नाम प्रशस्ति समेत—

(१) श्री जयराजदेव नृपतिः (२)
सूरत्राण समस्दीन (३) श्री जया-
र्जुनदेव (४) श्री जयस्थिति मल्ल
(५) श्री राजहर्ष (६) श्री रणदेव
(७) श्री रुद्रदेव (८) शक्ति मल्लवर्म
भल्लोक (९) श्री जोतिलक्ष्मी (१०)
महारावुत्त श्री जूटसिंह (११)
श्री राजपति वर्म भल्लोक (१२) वज्रा-
चार्य श्री जयानन्द (१३) पण्डित
वज्राचार्य श्री ज्ञानकीर्ति (१४)
दैवज्ञ रत्नपति (१५) श्री मानचन्द्र
(१६) जयराम भारो

प्रशासनिक पद—(१) पात्र (२) अमात्य

अड्डा—+

शिलापत्र राख्नाको उद्देश्य—समसुद्दीनको आक्रमणको कारण
ध्वस्त भएको स्वयम्भू चैत्यको
जीर्णोद्धार गरेको उपलक्षमा

शिलापत्र राख्नेको नाम—श्री राजहर्ष भल्लोक

महानात्माहरूको समेत देवताहरूको नाम—

(१) बुद्ध (२) अमृतकर
(चन्द्रमा) (३) इन्द्र (४)

उपेन्द्र (विष्णु) (५) धर्मधातु वागीश्वर भट्टारक (६) भूमिश्वर (७) वसुमती (८) लक्ष्मी

विहार, मन्दिरको नाम—सिकोमगुहि विहार

धर्म, धार्मिक कार्य—बौद्ध

कुनमा प्रकाशित—संस्कृत सन्देशः, प्रथम वर्ष—१०,११, १२ संयुक्ताङ्क, पृ. १३—१७

शिलापत्रको शिर्षचिन्ह—दायाँ बायाँ दुई वटा मृगको आकृति राखी बीचमा चैत्य अंकित छ ।

स्थान—(१) नेपाल भूमण्डल (२) श्री साह्रे शिखर (३) बंगाल (४) श्री काष्ठमण्डपपुरी (५) श्री काष्ठमण्डप महानगर (६) श्रीकेल (७) श्री सिखरपुर (८) श्री मानंगल(९) ञ

संक्षिप्त विवरण—जगतलाई आनन्द गराउने, असल शास्त्रका कारण भएका, सम्पूर्ण लोकको अज्ञान रुपी अन्धकारलाई नाश गर्ने, जसको नाम सुन्दैमा कुटिलहरूको कुटिलता नाश हुने, बौद्धहरूले सधैं ध्यान गरिएका, अनुपम गुण, वीर्य, ज्ञानद्वारा संसारको पाशलाई छेदन गरेका तथा तीनै जगतको कारण भएका साह्रे शिखरस्थित धर्मधातु स्तूपलाई दुबै धर्म (हिन्दू र बौद्ध) मान्ने, दयाका समुद्र भई प्रख्यात भएका श्री जयदेव राजाको राजत्वकालमा अर्थात् संवत् ४७० मार्गशिर्ष शुक्लपक्ष दशमी गुरुवारको दिन बंगालका सुल्तान समसुद्दीनले धेरै मुसलमानी फौजहरू साथ ल्याई आक्रमण गरेर नेपाललाई ध्वस्त पार्ने क्रममा विनष्ट पारेको हुँदा पछि श्री जयार्जुनदेव राजाको राजत्वकालमा श्री जयस्थिति मल्लले नेपाललाई पालन गरिरहेको समय काष्ठमण्डपस्थित सम्पूर्ण प्राणीले मानिएका, वीर्य गुणहरूले उदार भएका पात्रवंशका चन्द्रमा जस्ता सुविशाल कीर्तियुक्त श्री राजहर्ष आफ्ना दुई भाइहरू तथा श्री रणदेव र श्री रुद्रदेव सहित भई शत्रुहरूलाई नाश गरी विजय पताका फर्फराई काष्ठमण्डप शहरमा अवस्थित भएको बेला तिनले इन्द्र र उपेन्द्र समानका श्री जयार्जुन देव र श्री जयस्थिति मल्लको आज्ञा शिरोपर गरी उपर्युक्त श्री धर्मधातु स्वयम्भू चैत्यको अनेक प्रकारका रत्नहरूले विभूशित गरी संवत् ४९२ आश्विन पूर्णिमा अश्विनी नक्षत्र बुधवार सुकर्मयोगको दिन जीर्णोद्धार गरी प्रतिष्ठा गरेको कुरा प्रस्तुत अभिलेखमा वर्णित छ

